**यात्रालाई सुरक्षित बनाऔं**
- सवारी चढ्दा र ओर्लदा अरूलाई नधकेलौं, लाइनमा बसेर चढ्ने ओर्लने गरौं,
- सवारीसाधनबाट शरीरका अङ्ग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस २१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 06 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२७

## फेसबूक ह्याक गरेर ठगी गर्ने प्रवृत्ति बढ्दै

प्रस, वीरगंज, २० पुस/

पर्सा जिल्लामा साइबर अपराधका घटना बढिरहे पनि प्रहरीले त्यसलाई नियन्त्रण गर्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले साइबर अपराधका घटना दैनिकरूपमा बढिरहेको बताए । उनले दैनिक सातवटासम्म साइबर अपराधका घटनासम्बन्धी निवेदन दर्ता भइरहेको बताए ।

साइबर अपराधका घटनाहरू वृद्धि भइरहे पनि नियन्त्रण हुन सकेको छैन । ह्याकरहरूले विभिन्न व्यक्ति, संस्था, प्रतिष्ठानका फेसबूक प्रोफाइल, पेज ह्याक गरेर अश्लील तस्वीर राखेर बदनाम गरेर ठगी गर्ने गरेका छन् ।

पछिल्लो समयमा यो क्रियाकलाप निकै बढेको छ । यसो त साइबर अपराध अन्तर्गत फेसबूक प्रोफाइल ह्याक गर्ने कार्य एक दशकअघिदेखि भइरहेको छ । त्यतिखेर यस विषयमा खासै चासो राखिन्थेन र मानिसहरूले चालू फेसबूक प्रोफाइल बन्द गरेर नयाँ सञ्चालन गर्थे । तर अहिले ह्याकरले फेसबूक प्रोफाइल र पेज ह्याक गरेर प्रयोगकर्ताहरूको आधिकारिकता पनि आफ्नो कब्जामा गरेर त्यसको दुरुपयोग गर्दै आएका छन् । जसले गर्दा प्रयोगकर्ताले आफ्नो फेसबूक प्रोफाइल, पेज बन्द गर्न नसक्ने र बदनामी बेहोर्नुपर्ने अवस्था छ ।

जिप्रका, पर्साका प्रवक्ता थापाले हाम्रो देशमा फेसबूकको कार्यालय नभएको र




साइबर ब्युरोमार्फत प्रदेश, केन्द्रका साइबर ब्युरोमार्फत सिङ्गापुरमा रहेको एशिया महादेश हेर्ने मेटा फेसबूकमा उजूरी गर्ने र ह्याक भएका फेसबूक प्रोफाइल, पेज ब्लक गर्ने कार्य भइरहेको बताए । प्रवक्ता थापाले फेसबूक ह्याक नहोस् भनेर प्रहरीले सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले विद्यार्थीहरूलाई यससम्बन्धी जानकारी गराएर सचेत गराउने कार्य भएको बताए ।

वीरगंजमा रहेको विनोद मोबाइल सप्लायर्सका कुन्नु रौनियारले दुई महीनादेखि आफ्नो फेसबूक ह्याक भएपछि हैरान भएको तर समस्याको समाधान नभएको बताए । उनले आफ्नो प्रोफाइल ह्याक भएपछि सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, पर्सामा दशौंपटक धाइसकेको बताए । यसको अलावा साइबर क्राइम ब्युरो काठमाडौंमा गएको तर त्यहाँबाट जिल्ला, प्रदेश भएर निवेदन आउनुपर्ने भनेर फर्काइएको बताए । उनले जिल्ला प्रहरी कार्यालय, पर्सामा चिनजानको मान्छेमार्फत पनि ह्याक गरिएको पेज, अकाउन्ट बन्द गराउन अथक प्रयास गरिएको तर अहिलेसम्म समाधान नभएको बताए ।

**प्रउकै फेसबूक ह्याक**

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कोमल शाहको फेसबूक अकाउन्ट ह्याक भएको छ । उनको अकाउन्ट ह्याक गरेर ह्याकरले अश्लील फोटो राखेपछि प्रउ शाह दुई दिन काठमाडौं बसेर समाधानको लागि प्रयास गरेका थिए तर उनको प्रयास पनि अहिलेसम्म सफल भएको छैन ।

कृषि ज्ञान केन्द्र, पर्साका कामेश्वर यादवको फेसबूक अकाउन्ट एक महीनादेखि ह्याक भएको छ । यसैगरी, मोबाइलको कारोबार गर्ने उदय पाल, शान्ति मेडिकल हलका सञ्चालक विनोद सर्राफ र घण्टाघर टिभीको पेज पनि ह्याक भएको छ । ह्याकरले पसर्छेली पत्रकारहरूमध्ये एक दर्जनभन्दा बढीको पेज, प्रोफाइल ह्याक गरेका छन् ।

साइबरसम्बन्धी जानकार एकजनाले फेसबूक, ह्वाट्सएप, मैसेन्जरको आधिकारिक मागबाहेक व्यक्तिविशेषलाई पासवर्ड, ओटिटी नदिन सुझाएका छन् । यसका साथै आफ्नो पासवर्ड लामो, बलियो राख्नुका साथै प्रत्येक तीन महीनामा पासवर्ड परिवर्तन गर्नुपर्ने सुझाव दिए । त्यस्तै, फेसबूक टाइमलाइनमा देखिने विभिन्न आकर्षक विज्ञापन तथा सित्तैमा प्रिमियम सफ्टवेयर, एप डाउनलोड गर्ने विज्ञापन क्लिक गर्दा पनि ह्याक हुने सम्भावना बढेकाले त्यस्तो नगर्न सुझाएको छ ।

त्यस्तै इमेल, एसएमएस, ह्वाट्सएपमा नगद उपहार परेको भन्दै मोबाइल नम्बर, पासवर्ड, ओटिटी माग गर्ने र त्यस्ता भर्नेहरू पनि ह्याकरको फन्दामा पर्ने गरेका छन् ।

यसअघि चिठा परेको भनेर मैसेन्जर, इन्स्टाग्राम, इमेल, ह्वाट्सएप आदिबाट मानिसहरू ठगिंदै आएका छन् । अहिले भने फेसबूक प्रोफाइल, पेज ह्याक गर्ने र सम्बन्धित व्यक्ति र उनका आफन्तजनसँग ठगी गर्ने गरेको तथा नदिएमा अश्लील फोटो राख्ने, चर्चित फेसबूक पेजमा अन्य कम्पनीको विज्ञापन राख्ने गरिएको छ । यस्ता कार्यहरू एशिया महादेशबाहेकका ह्याकरहरूले गरिरहेको प्रहरीले दाबी गरेको छ ।

## सहमतिपछि चक्काजाम खुल्यो



तस्वीरः फाइल

प्रस, रौतहट, २० पुस/

दुर्गाभगवती गाउँपालिका-५ का बासिन्दाले पुल बनाउन माग गर्दै गौर-चन्द्रनिगाहपुर सडकखण्डको बम नहरमा बुधवारदेखि गरेको चक्काजाम सहमतिपछि खुलेको छ ।

शुक्रवार सडक विभाग र स्थानीयबीच सहमतिपछि दुई दिनदेखि अवरुद्ध गौर-चन्द्रनिगाहपुर सडकखण्डमा यातायात सञ्चालन भएका छन् । सडक विभागले शनिवारदेखि बाग्मती नदीमा पुल निर्माण सुचारु गराउने प्रतिबद्धता गरेसँगै गौर-चन्द्रपुर सडकखण्डको बम नहरमा अवरुद्ध सडक शुक्रवार दिउँसो १ बजेदेखि सुचारु भएको हो ।

प्रदेश सांसद नागेन्द्र साहको नेतृत्वमा बुधवार दिउँसो १ बजेदेखि दुर्गाभगवती, यमुनामाई, राजपुरका स्थानीयहरू गौर-चन्द्रपुर सडकखण्डको बम नहरको बाटो अवरुद्ध गरी धर्नामा बसेका थिए ।

सडक विभागका महानिर्देशक सुशीलबाबू ढकालको अध्यक्षतामा हुलाकी राजमार्ग आयोजना निर्देशनालय, सडक विभाग पुल महाशाखालगायतका सम्बद्ध सरोकारवाला निकायका प्रमुखहरू सहभागी बैठकले बाग्मती (बडहर्वा) पुल निर्माण कार्यको एक्जेस्टिङ स्ट्रक्चर भेरिफिकेशनको कार्य पुस २१ देखि शुरू गरेर सात दिनभित्र सम्पन्न गर्ने निर्णय गरेको छ ।

पुस १९ गते भएको प्रस्तावित डिजाइन अनुसारको निर्माण कार्य निर्माण व्यवसायीद्वारा अविलम्ब सुरुआत गर्ने, पुलको रिभ्युड डिजाइन ड्इङ अविलम्ब स्वीकृतिका लागि सडक विभागमा पेश गर्ने सहमति भएको थियो । गत बुधवारदेखि १५ दिनभित्र साइटमा निर्माण कार्य नभएमा तथा साइटमा मोबिलाइज नभएमा नियम अनुसार ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाउने छ बुँदे निर्णय भएको सडक विभागले जनाएको छ ।

शुक्रवार भएको दुई पक्षीय छलफलका क्रममा विभागको आधिकारिक निर्णयलाई जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रशासकीय अधिकृत मणिभूषण साहले वाचन गरेर सुनाएका थिए । उक्त अवसरमा प्रदेश सांसद तथा काङ्ग्रेस जिल्ला सभापति सुनीलकुमार यादव, प्रदेश सांसद नागेन्द्र साह, रौतहट प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठ र राष्ट्रिय अनुसन्धानका उपनिर्देशक चन्दन झा, दुर्गाभगवती गापा अध्यक्ष शम्भु सिंहलगायत धर्नामा स्थानीयवासीको सहभागिता थियो ।

## प्रप्रअको कारण नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीमा ढिलाइ

प्रस, निजगढ, २० पुस/

निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौलालाई सरुवा गरी अजय बर्तौलालाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइए पनि समयमैं कार्यालयमा हाजिर नहुँदा अन्य विभिन्न कार्यालयका महत्त्वपूर्ण कार्यसँगै निजगढ नगरपालिकाद्वारा लगाउनुपर्ने नदीजन्य पदार्थको ठेक्का प्रक्रिया कार्य अघि बढ्न सकेको छैन ।




तस्वीरः प्रतीक

२०८०/०९/०५ गते सङ्घीय मन्त्रालयले निजगढ नपामा बहाल हुन आउने प्रमुख प्रशासकीय अधिकृत बर्तौला स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट सरुवा भई आउने र राजमणि निरौला सङ्घीय मन्त्रालयको अतिरिक्त समूहमा सरुवा भई जाने सङ्घीय मन्त्रालयको पत्र निजगढ नपालाई प्राप्त भएको निजगढ नपा स्रोतले जनाएको छ ।

दुई साता नाघिसक्दासम्म पनि प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौला कार्यालयमा हाजिर हुन नआउँदा स्थानीय तह निजगढ नगरपालिकाको आन्तरिक राजस्व सङ्कलनको मुख्य स्रोत नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीको कुनै पनि प्रक्रिया अघि बढ्न नसकेको निजगढ नपा स्रोतले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको सरुवाले निजगढ नगरपालिकाको कार्यपालिका बैठक बस्न नसक्दा करोडौंको आर्थिक कारोबार हुने नदीजन्य पदार्थको ठेक्का प्रक्रिया अघि बढ्न नसकेको जनप्रतिनिधि र कर्मचारीहरू बताउँछन् ।

स्थानीय तह निजगढ नगरपालिकाले सबै प्रक्रिया पूरा गर्दै नदीजन्य पदार्थको ठेक्का लगाउँदा ठेक्का सकार गर्ने ठेकेदार कम्पनीले फागुन महीनादेखि जेठ मसान्तसम्म चार महीनाको अवधि अर्थात् १२० दिनसम्म मात्र नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसार गर्न पाउने वातावरणीय परीक्षण प्रतिवेदन (IEE)मा उल्लेख गरिएको छ । जसको आधारमा एउटा खोलाबाट एउटा स्थानीय तहले बढीमा दैनिक तीन सय घनमिटर अर्थात् १० हजार ५८४ घनफिट मात्रै उत्खनन, सङ्कलन, ओसारपोसार गर्न सूर्योदयदेखि सूर्यास्तसम्म पाइने प्रस्ट उल्लेख छ । यसबाट पनि के स्प्रष्ट हुन्छ भने निजगढ नपाले बकैया, धन्सार, बगर, लाल-भक्तलाल र शक्ति खोलाको आइई प्रतिवेदन तयार गरी मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयबाट स्वीकृति पाए पनि बढीमा एक लाख ८० हजार घनमिटर नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्न पाउने कानूनी आधार रहने देखिन्छ । जसको ठेक्का न्यूनतम रकम मूअकबाहेक छ करोड तीन लाख २८ हजार देखिन आउने अनुमान छ ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा चार लाख ४२ हजार ५९४ घनमिटर नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न सकिने वातावरणीय परीक्षण प्रतिवेदन (IEE)मा उल्लेख थियो ।

सोही आइईलाई मुख्य आधार मान्दै गत वर्ष खोलाको ठेक्का बन्दोबस्ती गर्दै निजगढ नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा मूअकबाहेक १२ करोड ८८ लाख १५ हजार ७५२ रुपियाँमा नदीजन्य पदार्थ (दहत्तर बहत्तर) उत्खनन, सङ्कलन, बिक्री गर्न ठेक्का लगायो । तर निजगढ नगरपालिकाले तीनपटक ठेक्का लगाए पनि ठेक्का लाग्न सकेन । नदीजन्य पदार्थको विषयलाई लिएर निजगढ नगरपालिकाविरुद्ध उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा मुद्दा परेसँगै आठ महीनापछि मुद्दा टुङ्गिएपछि ढिलाइ गरी लाग्न पुगेको ठेक्का उत्खनन, सङ्कलन, ओसारपोसार गर्न कम समय भएकोले ठेक्का लाग्न सकेन ।

छिमेकी स्थानीय तह जीतपुरसिमरा उपमहानगरपालिकाले नदीजन्य पदार्थको ठेक्का प्रक्रिया पूरा गरी ठेक्का लगाइसकेको छ भने कोल्हवी नपाले पनि प्रक्रिया पूरा गर्दै लगभग दुई साताअघि नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीको सूचना प्रकाशित गरिसकेको छ । यता निजगढ नगरपालिका भने प्रमुख प्रशासकीय अधिकृत सरुवा गराउनमा नै अल्मलिइरहेको छ ।

## बरहथवा तनावग्रस्त, एकजनाको मृत्यु

प्रस, सर्लाही, २० पुस/

बरहथवा नगरपालिकामा प्रादेशिक अस्पताल हस्तान्तरणमा विवादपछि भएको झडपमा एकजनाको मृत्यु भएको छ ।

शुक्रवार अस्पतालबारे छलफल गर्न डाकिएको सर्वदलीय बैठकमा विवाद भएपछि झडपमा परिणत भएको हो ।

आक्रोशित समूहले बरहथवा नगरपालिकाकी प्रमुख कल्पनाकुमारी कटवालको घरमा गएर तोडफोड गर्न थालेपछि प्रहरीले अश्रु ग्याँससहित गोली प्रहार गरेको थियो ।

गोली प्रहारबाट बरहथवा नगरपालिका-६ का ३० वर्षीय जयशङ्कर साहको मृत्यु भएको हो । झडपको क्रममा छजना प्रहरी र दुईजना स्थानीय घाइते भएका छन् ।

## श्रीसियामा कन्येच्याउको व्यावसायिक खेती

प्रस, पर्सागढी, २० पुस/

वीरगंज महानगरपालिका-२५ खल्वाटोला श्रीसियाका रामनाथ पासवानले व्यावसायिक च्याउखेती शुरू गरेका छन् । छ कट्ठा १० धुर जमीन भाडामा लिएर तथा एक कट्ठा निजी जग्गा गरी सात कट्ठा १० धुर जमीनमा उनले व्यावसीयक कन्येच्याउ खेती शुरू गरेका हुन् ।



तस्वीरः सौजन्य

श्रीसिया कृषि फर्म प्रालि दर्ता गरेर उनले वीरगंज महानगरपालिका कृषि शाखाको प्राविधिक सहयोगमा च्याउखेती शुरू गरेका हुन् ।

उनी तीन वर्षदेखि च्याउखेती गर्दै आइरहेका छन् । गाउँघरमा पाइने बाँस तथा छ्वाली (खर)को प्रयोग गरी दुईवटा फुसका घर र १४ वटा बाँसका टनेल बनाइ तीन हजार च्याउको पोको डल्लो बनाइ खेती गर्दै आइरहेका छन् । उनले च्याउखेतीमा कुल रु १६ लाख लागत लागेको बताए ।

उनले आजभोलि तरकारीमा बढी विषादी मिसाइएकाले च्याउखेती अर्गानिक तरीकाले गरेको बताए । च्याउमा प्रोटिन, विभिन्न पोषक तत्त्व र मिनरल पाइने हुनाले तरकारीमा च्याउ समावेश गर्न उनले आग्रह गरे ।

चितवनबाट च्याउको बीउ ल्याएर उनले खेती शुरू गरेका हुन् र अहिले वृद्धि गर्दै गइरहेका छन् । च्याउखेती कात्तिकदेखि वैशाख महीनासम्म हुने र त्यसबाट रु सात/आठ लाखसम्मको कारोबार भइरहेको उनले बताए ।

## विचारसार र सूक्तिहरू

**जीवनको सबैभन्दा महँगो उपहार असल मित्र हो, जसलाई किनेर होइन, भाग्यले मात्र पाउन सकिन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## हास्यास्पद अभिव्यक्ति

**भ्रष्टाचार हटाउने कुरा तीनै तहका सरकारले गर्दै आएका छन् तर पनि यो हट्नुको साटो बढ्दो छ । सानोभन्दा सानो काम गराउनका लागि घूस दिनैपर्छ । स्थानीय तहदेखि प्रदेश र सङ्घ सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । समाचारपत्रका दैनिकी प्राथमिकतामा भ्रष्टाचार पर्दै आएका छन् । आम मानिस अहिले भ्रष्टाचार हटाउने नेताहरूका अभिव्यक्तिलाई मजाक ठानिरहेका छन् । किनभने कुनै पनि तहका सरकारले कुरा गर्नेबाहेक ऐन, कानून, नियमको पालना गरेर भ्रष्टाचारविरुद्धको अभियानलाई अगाडि बढाएका छैनन् । भ्रष्टाचारको विरोध गर्नेहरूलाई खोजीखोजी उसले पनि भ्रष्टाचार गरेको भनेर आम जनतामा बदनाम गर्ने खेलमा लागिपरेको छ । हैसियत अनुसार अहिले नेपालमा सबै तह र तप्कामा भ्रष्टाचारले जरो गाडेको छ । मधेस प्रदेशको कुरा गर्ने हो भने सङ्घीयताको लागि यो प्रदेशबाटै आवाज बुलन्द भएको थियो । तर सङ्घीयता लागू भएपछि यही प्रदेशमा सबैभन्दा बढी भ्रष्टाचार भइरहेको कुरा विभिन्न माध्यमबाट सार्वजनिक भएका छन् । प्रदेश सरकारले ल्याएको 'बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत कक्षा ८ र ९ का विद्यार्थीहरूलाई लक्षित गरेर साइकल वितरण गऱ्यो । प्रदेशमा यो अभियानबाट बेटीहरूले साइकल पाए, उनीहरू घरबाट विद्यालयसम्म जाने सुरक्षित माध्यम बन्यो तर साइकलमा पनि भ्रष्टाचारको कुरा आयो र अहिले यो अभियान निष्क्रिय प्रायः भएको छ ।**

**अख्तियारले मुख्यमन्त्रीको कार्यालयमा छापामारी गऱ्यो, यससम्बन्धी दस्तावेजहरू नियन्त्रणमा लियो । मुख्यमन्त्री राजनीतिक दबाबका कारण आरोपमुक्त भए तर सचिवलगायतका मानिसहरू कसूरवार ठहर भए । यही अभियान अन्तर्गत २०७४ सालपछि जन्मिएका छोरीहरूको बीमा पनि गरियो । अहिले सो बीमा पनि निष्क्रिय भएको छ । त्यत्तिखेर जन्मिएका छोरीहरूको बीमा गर्ने र उनीहरू वयस्क भएपछि एकमुस्ट रकम पाउने अभियानले मधेसका छोरीहरूलाई विद्यालय पढाउने प्रवृत्तिमा सुधार आउने आशा गरिएको थियो । किनभने यो अभियानमा समाहित हुनेहरूले छोरीलाई विद्यालय पठाएकै हुनुपर्थ्यो । अहिले छोरी केन्द्रित यो अभियान लथालिङ्ग छ । मधेस प्रदेश सरकारले मुख्यमन्त्री सौन्दर्यीकरण अभियान चलाएर प्रदेशभरिका सयभन्दा बढी पोखरीको सौन्दर्यीकरण अभियान चलायो । तर कुनै पूरा भएन । अभियान सञ्चालन गर्नुअघि त्यसका लागि अभ्यास भएन । नामकरण राम्रो गर्दैमा त्यसले सार्थकता पाउँदैन । त्यसका लागि अभ्यास जरुरी हुन्छ । यी र यस्ता अभियानहरू कुनै एक जिल्लामा प्राथमिकताका साथ लागू गर्ने र त्यसको परिणाम कस्तो आउँछ अनि त्यसका राम्रा र नराम्रा पक्षको अध्ययन गरी नराम्रा पक्षलाई आगामी दिनमा कसरी हटाउने र अभियानलाई अन्यत्र कसरी सफलतापूर्वक सञ्चालन गर्ने भन्ने सोचको विकास नै नगरी हावादारी पारामा अर्काको सिको र सस्तो नारा अङ्गीकार गरिएका परिणामहरू हुन् ।**

**बहालवाला मुख्यमन्त्री सरोज यादवले बिहीवार आफ्नो प्रदेशलाई भ्रष्टाचारमुक्त बनाउने अख्तियारको कार्यक्रममा बताए । तर कसरी त्यसको खाका बताएनन् । मुखले बोल्दैमा भ्रष्टाचार मुक्त हुँदैन । यी अभिव्यक्तिहरू सुन्दा अहिले सामान्यभन्दा पनि सामान्य मानिसहरू पनि हाँस्छन् । तसर्थ भ्रष्टाचारमुक्त बनाउनका लागि योजना तयार गर्नुपर्थ्यो र [redacted] पनि चल्न सिक्नुपर्थ्यो ।**

# किन मौलायो गणतन्त्रमा अनैतिकता र अत्यधिक भ्रष्टाचार ?

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**दल हाँक्ने नेताबाटै जनमानसमा राजनीतिक दलसँगै व्यवस्था सम्बन्धी बुझाइ निर्माण हुन्छ । जब नेता नै अनैतिक लाभ आर्जनका निम्ति अपारदर्शी सम्बन्ध निर्माणमा तल्लीन हुन्छ, जनमानसमा नेता र दल मात्र होइन, व्यवस्थाप्रतिकै विश्वास धर्मराउनु स्वाभाविक हो ।**

पुस महीनाको पहिलो साता जग्गाको नक्शा लिन महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नापी कार्यालयमा जाँदा जीवनको महत्त्वपूर्ण समय लगानी गरेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्वाद नमीठोसँग चाख्न पाएँ । प्रभु बैंकमा नक्शाबापत राजस्व बुझाउन बाहिर बसिरहेका दलालहरूलाई प्रतिभाउचर पचास रुपियाँ दिनुपर्ने अवस्था रहेको देखियो । नक्शा लिन अपडेट गराउन थप पैसा कर्मचारीले ( अमिन) नपाएसम्म कामको लोड धेरै छ भनेर हप्तौं दौडाउने तर रकम पाएपछि तुरुन्तै गरिदिएको व्यवहार देखियो । यसैगरी मालपोत, जिल्ला प्रशासन कार्यालय लगायत जनसरोकारका कार्यालय अगाडि घर भाडा लिएर दलालहरू बस्ने र राष्ट्रिय परिचयपत्रको अनलाइन फार्म भरेबापत एक सय रूपियाँ, पासपोर्ट नवीकरण फारम भरेबापत तीन सय रूपियाँ सरोकारवालाहरूसँग असुली रहेको भ्रष्टाचार नियन्त्रण गर्ने सबै निकायलाई थाहा नै छ तर पनि अन्धो र बहिरोजस्तो बस्नुको मुख्य कारण त्यसमा आफ्नो पनि भाग मिसिएकोबाहेक अरू के होला ?

भ्रष्टाचार र लूटतन्त्र मौलाएको यो अवस्था प्रधानमन्त्री जोसुकै भएपनि न्यून हुनुभन्दा झन्झन् बढेकोबढ्यैछ । जबकि सबैजसो पार्टीका नेता प्रधानमन्त्री बन्ने बेला–'भ्रष्टाचार नगर्ने, भ्रष्टाचार नसहने' भन्ने आशयकै घोषणा आजसम्म गर्दै आएका छन् । व्यवहारमा भने हात्तीको देखाउने दाँतभन्दा फरक कहिले देखिएन ।

जीवन व्यवहारमा सरोकारवाला आम नागरिक सवारी चालक अनुमति–पत्र लिंदा होस् या जग्गा किनबेच गर्दा, अथवा खनेर वर्षौंसम्म अलपत्र छाडिएका सडकको सास्ती होस् या बनेको केही समयमैं भत्किने पुलको दुरवस्था–दिनहुँजसो भ्रष्टाचार, अनियमितता, अनैतिकता र अव्यवस्थाको भुक्तभोगी बनिरहेका छन् ।

आम नागरिक जसले गणतन्त्रमा सुन्दर समाज अर्थात् भ्रष्टाचारमुक्त समाज बन्ला ठानेको थियो उसलाई भ्रष्टाचारको दलदल महामारीसरह फैलिएको अनुभूत हुँदैछ । देशमा यतिबेला दलाल पूँजीवादी व्यवस्थाले भ्रष्टाचारभन्दा पनि लुटतन्त्र मचाएको अनुभूतिलाई गलत कसरी मान्ने ?

भ्रष्टाचारको यस्तो लुट अब आम नागरिकले दैनन्दिनको सेवा लिन जाने सरकारी अड्डामा मात्र सीमित छैन, नीतिनिर्माण तहमैं जरा गाड्न पुगेको छ । यसको सबभन्दा डरलाग्दो पाटो हो, नेता–व्यापारीबीच झ्याँगिदै गएको स्वार्थ–सम्बन्धको जालो । यसले सरकारको निर्णय प्रक्रियालाई नै प्रभावित तुल्याएको छ । सरकारका निकायहरूले विधि पालना गराउने काममैं त्यसको असर देखिन थालेको छ । त्योभन्दा पनि खतरनाक चाहिं नेता–व्यापारी साँठगाँठको असर सार्वभौम संसद्बाट हुने कानून निर्माणमैं प्रस्ट अनुभूत हुन थालेको छ ।

सरकारी अड्डाहरूमा हुने घूस लेनदेन र आर्थिक अपचलनलगायत भ्रष्टाचारका घटनाभन्दा यो कैयौं गुणा बढी खतरनाक छ । किनभने यसले व्यक्ति मात्र नभएर प्रणालीलाई नै भ्रष्ट बनाउन थालेको छ । अझ भनौं, बदनियत राखेरै प्रणाली बदल्ने हर्कत गर्न थालिएको छ । सत्तामा रहने अमूक नेतासँग अपारदर्शी सम्बन्ध–सम्पर्क स्थापित गरेका उद्योगी–व्यापारी र अस्वाभाविकरूपमा आर्थिक हैसियत उकासिएका विवादास्पद पात्रहरूलाई लाभ मिल्नेगरी संसद्बाट भइरहेका कानून निर्माण र सरकारले गरिरहेका निर्णयले त्यही देखाउँछ ।

वास्तवमा एमसिसी प्रकरणमा सबै नेताहरूको चरित्र उदाङ्गो भयो । यसको अझ कुरूप तस्वीर के हो भने यो मिलीभगतमा के सत्तापक्ष के प्रतिपक्ष, सबैको उत्तिकै जोडबल छ । सुशासनको जग खल्बल्याउने, गणतन्त्र बदनाम गर्ने र लोकतन्त्रलाई नै धराशायी पार्नेगरी बढ्दै गएको नेता–व्यापारी साँठगाँठ जनता सार्वभौम रहेको मुलुककै विडम्बना हो ।

संस्थागत भ्रष्टाचारले मुलुकमा कतिसम्म जरा गाडेको छ बुझ्न नीति फाउन्डेशनद्वारा हालै प्रकाशित 'नेपालको भ्रष्ट–तन्त्रको सञ्जाल: भ्रष्टाचार र दण्डहीनताको मानचित्र' शीर्षकको प्रतिवेदन पनि हो । प्रतिवेदनले भ्रष्टाचारको दलदलमा फसेका राज्य–संयन्त्र र त्यसमा जोडिन पुग्ने उद्योगी–व्यापारी, दलाल र सर्वसाधारणको भूमिका मात्र होइन, त्यसमा राजनीतिक दल र नेताको सञ्जाल र बहुआयामिक सम्बन्धलाई समेत दिउँसोको घामझैं छर्लङ्ग पारेको छ ।

प्रतिवेदनमा शिक्षा, स्वास्थ्य र पूर्वाधारसम्बन्धी कानून निर्माणका क्रममा संसदीय समितिहरूमैं स्पष्ट देखिएको स्वार्थी समूहको घुसपैठ आमरूप छर्लङ्ग भएको विषय हो । नेता–व्यापारी साँठगाँठले अनेक स्वार्थ समूहका सदस्यहरूलाई सांसदकै रूपमा विधायिकामा पुऱ्याउँदा नीति र कानून निर्माण गर्ने थलो तिनका लागि अनधिकृत लाभ सुनिश्चित गर्ने हतियार बन्न पुगेको छ ।

सबैभन्दा खतरनाक कुरा प्रतिवेदनले दलका नेताहरूसँगको साँठगाँठमा हुने नीतिगत र अन्य ठूला भ्रष्टाचार कारबाईको दायरामैं नआउने तथ्य पनि औंल्याएको छ । अर्थात् दण्डहीनता पनि उसैगरी चुलिंदो छ । मूलतः भ्रष्टाचारका विषयमा मौलाउँदो उन्मुक्तिको यो संस्थागत लुट र दण्डहीनता कसरी राज्य प्रणालीकै अङ्ग बन्दैछ भन्ने पनि स्पष्ट भएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा राजनीतिक दल नै जनताका प्रतिनिधिको रूपमा क्रियाशील रहन्छन् । यसको अझ महत्त्वपूर्ण पक्ष, दल हाँक्ने नेताबाटै जनमानसमा राजनीतिक दलसँगै व्यवस्था सम्बन्धी बुझाइ निर्माण हुन्छ । जब नेता नै अनैतिक लाभ आर्जनका निम्ति अपारदर्शी सम्बन्ध निर्माणमा तल्लीन हुन्छ, जनमानसमा नेता र दल मात्र होइन, व्यवस्थाप्रतिकै विश्वास धर्मराउनु स्वाभाविक हो । यहाँनिर सबैले के बुझ्न जरूरी छ भने जबसम्म दलाल पूँजीवादी व्यवस्था कायम रहन्छ, तबसम्म जसलाई निर्वाचित गरेपनि भ्रष्टाचार बढाउने र ब्रह्मलुट मचाउने मात्रै हो ।

# रुपियाँको पसल

मन्तव्य



कुमारबन्धु रुपाखेती

**भनिन्छ वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले भारत सरकारलाई पत्र नै लेखेर रक्सौलमा मनी एक्सचेन्ज काउन्टर खोल्न आग्रह गरेको धेरै भयो रे । नेपाली सीमा टाँसिएर बिहारी त्यस क्षेत्रमा यस्ता सटही काउन्टरको रजगज सहजै देखिन्छ ।**

औषधि पसलमा औषधि, कपडा पसलमा कपडा र पत्रिका पसलमा पत्रिकाहरू सजाएर झुन्ड्याएर राखेको देखिन्छ । तर के तपाईंले रुपियाँको पसल देख्नुभएको छ ? देख्नुभएको छैन भने सीमा क्षेत्रको रक्सौल जानुस् त्यहाँ सडकको छेउ अथवा फुटपाथमा रुपियाँको पसल देख्नुहुन्छ जहाँ नेपाली र भारतीय रुपियाँ तगिंयाएर राखिएको हुन्छ । रक्सलमा भारु र नेरु अदलबदल गर्ने अधिकृत वा वैध सटही काउन्टर नभएकोले स्थानीय प्रशासनको मिलीभगतमा केही बाहुबली प्रवृत्तिका मान्छेहरूले मनपर्दो बट्टा (कमिशन) लिएर रुपियाँ अदलाबदली गर्छन् । पर्यटन, धार्मिक र औषधि उपचार गर्ने भारत आउने–जाने नेपालीहरू बाध्यतावश यिनीहरूको शिकार बन्छन् । नेपाल राष्ट्र बैंकको नियम अनुसार नेपालमा भारु १०० लिन १६०.१५ तिर्नुपर्छ अर्थात सयकडा १५ पैसा कमिशन दिनुपर्दछ । तर रक्सौलको अवैध सटही गर्नेहरूले भारु १०० रुपियाँको नेरु १५० मात्र दिन्छन् । त्यस्तै नेरु १०० को भारु ६० मात्र दिन्छन् । यसरी बटुवाहरूलाई सटहीको नाममा दिनदहाडै लुट्नेहरूलाई त्यहाँ कारबाईको सट्टा सरोकारवाला निकायले प्रोत्साहन गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकबाट इजाजत लिएर वीरगंजमा वैध काउन्टरहरू सञ्चालनमा छन् । तर यिनले समेत राष्ट्र बैंकको निर्देशनविपरीत बढी बट्टा (कमिशन) लिएर रक्सौलका अवैध सटही काउन्टरसरह लुटपाट गरिरहेका छन् । फरक यही हो कि वीरगंजमा सटही काउन्टरको इजाजतप्राप्त बोर्ड झुन्डाएर सटर, कवल भाडामा लिएर, बाइज्जत सञ्चालनमा छन् भने अवैध भए पनि रक्सौलमा खुला आकाशमुनि टेबुल र खाटमा खुला सडकमा यस्तो अवैध काउन्टर सञ्चालनमा छ । वीरगंजमा राष्ट्र बैंकको इजाजत लिएर करीब एक दर्जन सटही काउन्टर सञ्चालनमा छन् भने रक्सौलका सडकमा करीब ४ दर्जन जति यस्ता सडकछाप काउन्टर बेधडक चलिरहेका छन् । नेपालका अधिकांश सीमा क्षेत्रमा भारतीयहरूले यस्तो रुपियाँको अवैध पसल निर्धक्क चलाएको देखिन्छ । नेपालमा भने राष्ट्र बैंक आफैंले सटही काउन्टर सञ्चालन गरेको देखिन्छ । अन्य केही वाणिज्य बैंकहरू समेतले सरकारी सहुलियत दररेटमा रुपियाँ अदलाबदली गर्ने सटही काउन्टर खोलेका छन् । भनिन्छ दैनिक करीब १५ हजार मान्छे कामको सिलसिलामा मैत्रीपुल वारपार गरिरहन्छन् । रक्सौल र वीरगंजका ठूला व्यापारीहरूले रक्सौलको सटही ठगीधन्दा कन्ट्रोल गर्न रक्सौलमा वैध बैंक सटही काउन्टर सञ्चालन गरेर नेपाली र भारतीय यात्रीहरूलाई दिनदहाडै हुने यस्ता ठगैतीबाट बचाउन अनुरोध गर्दासमेत रिजर्भ बैंक अफ इन्डियाले वास्ता गरेको छैन रे । अरू त अरू अस्ति मोदी अयोध्या (रामनगरी) आउँदा समेत सीमा क्षेत्रको यो जल्दोबल्दो समस्याबारे अवगत गराउँदै शीघ्र समाधान गर्न आग्रह गरेछन् । आशा गरौं मोदीले यसमा लगाम लगाउँदै वैध सटही काउन्टर रक्सौलमा खोल्न निर्देशन दिनेछन् ।

सटही एउटा सुविधा हो तर सुविधाको नाममा लुटको व्यापार फस्टाएको छ । रक्सौलका यस्ता फर्जी सटही पसल खोल्नेहरूले ग्राहकहरूलाई लोभ्याउन नजाने कताबाट हो नयाँ–नयाँ नोटको गड्डी अगाडि राखेर बस्छन् । स्मरणीय छ भारत नक्कली करेन्सीले पीडित संसारकै नम्बर वन मुलुक हो । यस्ता अवैध कारोबारीले त्यसमा मलजल नगर्लान् भन्ने के भर ?

सीमा क्षेत्र भारतमा सञ्चालित यस्ता काउन्टरहरूबाट ठूलो सङ्ख्यामा नेपालीहरू नै ठगिने जानकारहरू बताउँछन् । यस्ता अनाधिकृत कारोबारीलाई भारतीयहरूले सटही काउन्टर सम्बोधन गर्दा अचम्म लाग्छ । खुला सडकमा रुपियाँको पसल खोल्ने यस्ता दुर्लभ दृश्य संसारमा कतै देख्न पाइँदैन सिवाय भारतमा । भनिन्छ रुपियाँको अवैध कारोबार गर्ने यस्ता रुपियाँको पसलमा दैनिक झन्डै एक अर्बको साटफेर हुन्छ रे । प्रश्न उठ्छ कि यस्ता भारतीय कारोबारीहरूले नेपालीहरूसँग साटेको करोडौं नेपाली रुपियाँ आखिर कहाँ खपत गर्छन् ? किनभने भारतीय बैंकले नेपाली रुपियाँ जम्मा नै गर्दैन । रक्सौंलको प्रचलित सटही रेट ग्राहक हेरेर रु ५ देखि १० सयकडा निर्धारित छ । भनिन्छ रक्सौलमा सञ्चालित यस्ता कतिपय काउन्टरहरू रोजाना आम्दानी अत्यधिक भएकाले साहु महाजनसँग महँगो ऋण सापटी लिएर चलाउँछन् र कहिलेकाहीं मौका पर्दा दम्पच गर्ने नियतले भाग्दा पनि रहेछन् । यस्ता थुप्रै केस छन् ।

नेपाल–भारत आवतजावतमा कुनै रोकटोक नभएकोले दुवै देशका सरकारले नागरिकको यस्तो ठगी रोक्न पहल गर्न जरूरी देखिन्छ । रक्सौल भई भारतको अन्य क्षेत्रमा जानेले त्यहाँ मोटो रकम साट्दा खतराको पनि सामना गर्नुपर्दो रहेछ । यस्ता अवैध धन्दा गर्ने काउन्टर वरपर जाली, फटाहा, लुच्चा र पाकेटमारहरू, कसले कति सटही गऱ्यो कता जाँदैछ भन्ने चियोचर्चोसमेत गर्दा रहेछन् ।

भनिन्छ वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले भारत सरकारलाई पत्र नै लेखेर रक्सौलमा मनी एक्सचेन्ज काउन्टर खोल्न आग्रह गरेको धेरै भयो रे । नेपाली सीमा टाँसिएर बिहारी त्यस क्षेत्रमा यस्ता सटही काउन्टरको रजगज सहजै देखिन्छ ।

भारतमा अक्सर जाली नोटका कारोबारीहरू समातिएको खबर आइरहन्छ । बेलाबेला भारतले आफ्नो नोटको रङ्ग, रूप र साइजसमेत परिवर्तन गरिरहन्छ । भारतमा अहिले हजारको नोट छैन । चलनचल्तीमा २०००, ५०० का ठूला नोटहरू मात्र छ । ठूला पैसावालाहरूले दैनिक उपभोग्य वस्तुझैं नोट खपत गर्न खातका खात लगाएर लुकाएर गोप्यरूपमा राख्ने, सरकारले छापामारी गरी जफत गर्ने जाली नोटको हल्लीखल्ली आदि भइरहन्छ । नेपालको सीमा क्षेत्र प्रयोग गरेर भारु जाली नोट भारत छिर्छ भन्ने भारतले आफ्नो आङको भैंसी बनेको सीमा क्षेत्रको सटहीको जामा पहिरेको ठगैतीलाई किन लगाम नलगाएको ?

नेपालमा समेत राष्ट्र बैंकबाट इजाजत लिएर प्राइभेट निजी स्तरमा सञ्चालित

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३७ | २०८० पुस २१ गते शनिवार | 2024 January 06 Saturday




## 'जय सियाराम' र 'जय श्रीराम'


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


आजभोलि सबैतिर राममय भएको छ। हाम्रो परिवेशमा रामको सर्वत्र चर्चा भइरहेको छ । अबको केही दिनमा भारतको अयोध्यामा राममन्दिरमा प्राणप्रतिष्ठा हुन गइरहेको छ । यसको चर्चा आजभोलि सामाजिक सञ्जालदेखि मिडियासम्म र घरघरमा हुन थालेको छ ।

आजभोलि नमस्कार र प्रणामको ठाउँमा कतिपय मानिस एक ठाउँमा भेट हुँदा वा फोन मोबाइलमा कुराकानीको सुश्रआत गर्नुभन्दा पहिले 'जय सियाराम' तथा 'जय श्रीराम' भन्न थालेका छन् । कतिपयले 'जय सियाराम' तथा 'जय श्रीराम'को बीचमा भिन्नता रहेको बताउन थालेका छन् । 'जय सियाराम' तथा 'जय श्रीराम'मध्ये जुनलाई जसरी भने पनि वा जसरी पुकारे पनि कुरै एउटा लिए वा दुईटै लिए पनि कुरो एउटै हो भन्न थालेका छन् ।

बहस हुनु स्वाभाविक हो । वायदे वायदे जायते तत्त्वबोध भनिंदो रहेछ । अध्यात्मवादीहरू के भन्छन् भने पवित्र हृदय राखेर भगवान्को नामलाई जसरी उच्चारण गरे पनि हुन्छ। उसै त हरिको हजार नाम छन् भनिन्छ। हरिको हजार नामलाई अनेक किसिमले मानिसले उपयोग गर्छन् । ईश्वरलाई सहृदयले जसरी अनुकरण गरे पनि हुन्छ। यसैले 'जय सियाराम' तथा 'जय श्रीराम'मा खासै कुनै भिन्नता छैन। यस प्रकारका बहसले दुई प्रकारका सन्देश दिने गरेका छन् । पहिलो, निस्स्वार्थ प्रेम र दोस्रो, अनावश्यक बहस ।

आजभोलि जय श्रीराम भन्ने कि जय सियाराम भन्नेमा फरक मान्न थालेका छन् । जय श्रीराम र जय सियाराममा भिन्नता मान्न थालेका छन्। यस्ता तर्क दिन थालेका छन् :

जय श्रीराम भन्दा जय सियाराममा बढी अपनत्व महसूस हुने तर्क दिन थालेका छन् । भन्न थालेका छन्– सीताविना राम अधूरो हुन्छ । हाम्रो संस्कृतिमा रामसँगै सीताको नाम आउँछ । अझ रामभन्दा पहिले सीताको नाम जोडिन्छ। यसले गर्दा जय श्रीराम भन्नुभन्दा जय सियाराम वा जय सीताराम भन्नु ज्यादा राम्रो हो भनिन्छ। यो सनातनदेखि चल्दै आएको छ । सनातनदेखि चल्दै आएको परम्परामा सियाराम भन्ने चलन रहेको छ। संस्कृतिको मूलमा सीतासँगै राम र रामसँगै सीताको आगमन हरेक शब्दमा हुने गरेको छ। हरेक शुभ काममा रामसँगै सीताको नाम आएकै हुन्छ वा रामसँगै सीताको नाम पनि हुन्छ नै ।

अर्को तर्क यसरी पनि आएको छ। जय श्रीराम युवामा वीरताबोधको अनुभूति छ रे । मुख्यगरी नारामा जय श्रीराम बढी उपयुक्त हुन्छ र सीतारामले नाराभन्दा अभ्यन्तरमा छुन्छ। रामसित अझ बढी नजीक जय सीताराम वा जय सियारामले गराउने अनुभूति हुने रहेछ।

अझ यसरी पनि भन्न थालिएको पाइन्छ। रामको ससुराली जनकपुर हो। जनकपुर नेपालमा छ । यस नाताले नेपाललाई कतिपयले नेपाललाई नै रामको ससुराली मान्ने गरेका छन् । रामको ससुराली तथा सीताको माइतीका मानिसले सीताको नाम झन् रामसित जोडिनु सर्वथा उचित हो ।

जय श्रीराम वीरताको वन्दन मान्नु पनि स्वाभाविक हो । जय सियाराम भन्नु हृदयदेखिको समर्पण मान्नु पनि हो। वीरताको द्योतक मान्नेहरूले पनि रामसँगै हनुमानको पनि अनुकरण गर्छन्। यसरी पनि मान्न थालिएको छ कि जब रामायण धारावाहिकलाई खूब प्रशंसा गरिएको थियो र धेरैभन्दा धेरै मानिसले मन पराएका थिए । आज पनि त्यस धारावाहिक र तिनका पात्रप्रति मानिसमा ठूलो सम्मान रहेको छ । त्यस धारावाहिकमा हनुमानले धेरैपटक जय श्रीरामको उच्चारण गरेका छन्। जय श्रीराम उच्चारण गर्दा हनुमानमा ऊर्जा आउने गरेको तथा काम सफल हुने गरेको बताइएको छ ।

आजभोलि हनुमानको पूजा तथा प्रार्थना गर्ने प्रचलनको विस्तार भएको छ। हनुमानलाई रामको परमभक्त मानिएको छ। जहाँ हनुमानको चर्चा हुन्छ, त्यहाँ रामको चर्चा हुनु स्वाभाविक हो ।

पुराना घर तथा अधिकांश मन्दिरमा सियाराम वा सीताराम नै लेखिएका पाइन्छन् । मधेसका अधिकांश गाउँमा रामजानकी मन्दिर छन्। जहाँ हनुमानको मन्दिर छ, त्यहाँ पनि राम र सीताको पूजा हुन्छ। हनुमानको पूजामा पनि राम र सीताको पूजा हुन्छ नै । हनुमानका उपासकहरूले राम र सीतालाई बेवास्ता गर्नै सक्दैनन्। पुराणमा यो दुर्लभ दृष्टान्त छ कि हनुमानले आफ्नो छाती चिरेर देखाउँदा राम र सीताकै चित्र अङ्कित थियो। सीताको उपस्थिति रामसित सर्वत्र पाइन्छ भने जय सियाराम वा जय सीताराम भन्नु नै बढी मनासिब हुन्छ । यसको अर्थ यो होइन कि जय श्रीराम भन्नै हुँदैन भन्ने तर्क रहेको छ ।

भनिन्छ, अध्यात्म र धर्म फरक हुन्। कतिपयले प्रश्न गर्ने गरेका छन्– तुलसीका राम कि कबिरका राम । मानिसको आफ्नै धारणा हुन्छ तर कबिरका राम र तुलसीका राममा भिन्नता भएको पनि तर्क गरिन्छ। कबिरले मूर्त रामको चर्चा गर्दैनन् खासै, अमूर्त रामको चर्चा गर्छन्। राम सर्वव्यापी परम परमेश्वर भएको कुरामा कबिरलाई पनि विश्वास छ तर दशरथ पुत्र रामलाई भन्दा त्यस रामको अभ्यर्चना गर्नु श्रेयस्कर ठान्छन्, जुन परमब्रह्म हो । जसको भौतिक स्वरूप छैन तर सर्वत्र अस्तित्व छ । अनि तुलसीको राम भन्नाले गोस्वामी तुलसीदासले लेखेको रामचरित मानस वा रामायणको राम बुझिन्छ, जसका पिता दशरथ र माता कौशल्या थिए । जसका भाइ थिए भरत, लक्ष्मण र शत्रुघ्न । यहींनेर यो पनि तर्क आउन सक्छ कि जय श्रीरामभन्दा ती अलौकिक रामको जयकार मात्र हुने अर्थ पनि लाग्न सक्छ। यसर्थ दशरथी रामको लागि त सीतालाई सँगसँगै जोड्नु सर्वथा उचित हुन्छ ।

अहिले माहोल बनेको छ, राममयको। रामको सर्वत्र चर्चा भइरहँदा अयोध्यामा जन्मेका भौतिक रामकै प्रसङ्ग चलिरहेको छ । शताब्दीयौं शताब्दीपछि रामको प्राणप्रतिष्ठा भव्य मन्दिरमा हुन गइरहेको छ । यसको प्रतीक्षा पनि सर्वत्र रहेको छ। यसैले पनि राममय बनेको छ, समाज।

र अन्त्यमा जसले जसरी पनि जय श्रीराम वा जय सियाराम उच्चारण गरे पनि अन्ततः उही भावलाई प्रस्फुटन गरेको कुरालाई हृदयदेखि स्वीकार गर्नुपर्छ।

## "खेत चरे गदहा, मार खाए जोलाहा"


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


"भागसन..." – विद्यार्थीहरू यताउति दौडिरहेका थिए। विद्यार्थी र प्रहरीबीच झडप जारी थियो। राइफलले निशाना लगाउँदै प्रहरी लखेटिरहेको थियो । प्रहरीसँग राइफल, लठी र सुरक्षा कवच लगायत अनेक संसाधन थियो । विद्यार्थीहरूलाई प्रहरीको प्रहार र कारबाईबाट जोगिने एक मात्र उपाय थियो, टाढा भागेर अदृश्य हुनु। त्यसैले, प्रहरीले लखेट्न थालेपछि विद्यार्थीहरू तीव्र गतिमा भागिरहेका थिए ।

त्यो अवस्था झडपका प्रत्यक्षदर्शी वा सहभागी विद्यार्थीबाहेक अन्य मानिसलाई थाहा हुने कुरै भएन। प्रहरी कार्यालयको सन्निकट विद्यालय थियो। प्रहरी कार्यालय र विद्यालयको प्राङ्गण छुट्याउन तारबार गरिएको थियो । दुवैतर्फको गतिविधि दृश्यमान थियो । त्यस कारण प्रहरी कार्यालयबाट विद्यालयको र विद्यालयबाट प्रहरी कार्यालयको गतिविधि थाहा पाउन कठिन थिएन । विद्यार्थीहरूले राजतन्त्रविरुद्ध नारा–जुलूस लगाउन तम्तयार थिए भने प्रहरी विद्यार्थीहरूको गतिविधिमाथि निगरानी गरिरहेको थियो। दुवैतर्फ उत्तेजक वातावरण थियो। केही बेरमैं विद्यार्थीहरू ठूलूलो स्वरमा राजा र राजतन्त्रविरुद्ध नारा लगाउन थाले। प्रहरीले हस्तक्षेप गऱ्यो। माहोल यस्तो भयो कि दुवैतर्फबाट ढुङ्गा–मुढा प्रहार हुन थाल्यो । विद्यार्थीहरूमाझ भागाभाग मच्चियो ।

उपरोक्त घट्ना विसं २०४६ सालको हो । ठाकुर राम बहुमुखी क्याम्पसबाट विद्यार्थी नेताहरूको टोली पर्सा जिल्लाका अनेक विद्यालयहरूसँगै पोखरिया मावि पुगेको थियो। नेताहरूले आन्दोनल समिति गठन गरे । गोप्य भाषणको माध्यमले विद्यार्थीहरूमा जोश भरे । आन्दोलन समितिमा कक्षा ९ र १० का केही विद्यार्थीहरूलाई पदाधिकारी र केहीलाई सदस्य पदमा छनोट गरिएको थियो । अर्थात् आन्दोलनको नेतृत्व पदाधिकारी विद्यार्थीहरूमा निहित थियो । त्यस आन्दोलनमा विद्यार्थी र प्रहरी दुवैतर्फ धेरैजना घाइते भएका थिए ।

त्यसैगरी, विसं २०५२ सालदेखि माओवादी जनयुद्ध शुरू भयो। समयको गतिसँगै आन्दोलनले उग्र रूप लिंदै गयो। लडाकूहरू अधिकांश विद्यार्थी तथा युवा थिए । त्यसैगरी विसं २०६३ को जनान्दोलन र विसं २०७२ को मधेस आन्दोलन, उहिलेदेखि अहिलेसम्मको आन्दोलनहरूमा विभिन्न सपना बाँडेर युवाहरूलाई प्रयोग गरियो। एक भोजपुरी लोकोक्ति – "खेत चरे गदहा, मार खाए जोलाहा" भनेझैं प्रत्येक आन्दोलनमा युवाहरूले क्षति बेहोर्ने, ज्यान गुमाउने र नेताहरू सत्ताको स्वादमा रमाउने अवस्था छ ।

आन्दोलनको उद्घोष गर्ने दल, नेता वा पात्र अपवादबाहेक आन्दोलन चर्किरहेको अवस्थामा गुप्तवासमा हुन्छन्। गुप्त स्थानबाट आदेश र निर्देश प्रवाह गर्छन् । जिल्ला तहका नेतृत्वकर्ताहरू माथिबाट प्राप्त निर्देशन कार्यकर्ताहरूलाई प्रवाह गर्छन् । आन्दोलकारीलाई 'कार्यकर्ता' सम्बोधन गरे तापनि जित भए आफ्नो कार्यकर्ता र दुर्घटना भए घुसपैठिया भनेर उम्कने चलन छ। अनेक प्रकारका भाषण गरी युवावर्गलाई सम्मोहित गरिन्छ। अग्रपङ्क्तिमा विद्यार्थी तथा युवावर्गलाई नेतृत्व प्रदान गरिन्छ। युवा जोश दलभित्र गहिरो पहिचान चाहन्छ । त्यसका लागि उनीहरू उग्र प्रदर्शन गर्ने मनोविज्ञानले ग्रसित हुन्छन्। प्रहरी प्रशासनसँग भिडन्त गर्न पछि पर्दैनन्। घाइते हुन्छन्। पक्राउ पर्दछन्। कसैले मृत्युवरण गर्छ भने कोही महिनौं अस्पतालमा भर्ना हुन्छन् ।

यो पीडा भुक्तभोगी र उनीहरूका परिवारभन्दा बढी परिचालित गर्ने दल वा नेताहरूले महसूस गर्न सक्दैनन् । गुप्तवासी नेताहरूले पक्राउ परेका कार्यकर्ताहरूको रिहाइको माग गर्दै विज्ञप्ति जारी गरी आफ्नो कर्तव्य इतिश्री गर्छन् । मृत्युवरण गरेका र गम्भीर घाइतेहरूको इतिहास हेर्दा नेताहरूले



उनीहरूको नाम मञ्चमा सम्बोधन गर्ने र समुदायलाई सम्मोहित पार्ने उपक्रमभन्दा बढी महत्त्व दिएको देखिन्न। यो कुरा आन्दोलनका घाइते, जो कष्टकर जीवन बिताइरहेका छन्, उनीहरूको दृष्टान्तले, नेताहरूको नियत प्रस्ट हुन्छ।

आन्दोलनको नेतृत्वकर्ता युवाहरूले माथिल्लो तहद्वारा देश र जनताको हकमा केही हुन्छ भन्ने आशा गर्छन् । यसरी आशा गर्दै वर्षौं बित्छ । उनीहरूसँग नेताहरूको जयजयकार गर्नुको विकल्प हुँदैन । समयको गतिसँगै उमेर उकालो लाग्दै जान्छ । विवाहित जीवन प्रारम्भ हुन्छ । बालबच्चा हुन्छन् । अभिभावक बन्छन् । विवाह अघि अभिभावकको काँधमा आश्रित मौजमस्ती विवाहपछि आफ्नै काँधमा आइपर्छ । जीवनको गोरेटोमा पैसा र पैसाको लागि रोजगार आवश्यक पर्छ ।

युवा उमेरमा गरेको नेताको चाकरीको प्रतिफल युवाहरू खोज्छन् । प्रतिदिन नेताको ढोका चहार्छन्। तर आश्वासनबाहेक केही पाउँदैनन्। शक्ति प्राप्त नेताहरू पहिलो कर्तव्य आफ्नो परिवार, नातागोता र त्यसपछि अति निकटस्थ एकाध प्रतिशत कार्यकर्ताहरूको स्वार्थपूर्ति हुने गर्दछ। बाँकी ९८ प्रतिशत युवालाई आजीविकाका लागि आफ्नै जाँगरमा समर्पित हुनुको विकल्प हुँदैन। शिक्षा आर्जन गर्ने बेला चोक–चोकमा टायर बाल्ने र नेताहरूको जयजयकार गर्ने युवाहरूको अधोगति शुरू हुन्छ । नेताहरूको सफलतामा यौवन गुमाएका युवाहरू पछि न घरको, न घाटको हुन्छन्। न शैक्षिक योग्यता हुन्छ, न प्रतिस्पर्धी परीक्षामा सफलता पाउँछन्, न रोजगार नै पाइन्छ। कलिलो उमेरदेखि फोकटको मौजमस्तीमा समाहित उनीहरू न मजदूरी गर्न सक्छन्, न खेतीपाती नै ।

जति बढी उग्र त्यति बढी नेताको भक्तको रूपमा स्थान पाउने न्यून युवाहरू नेताहरूका सचिवालयको जागीरे बन्दा मख्ख पर्छन् । यो अवस्थाले युवाहरूमा नकारात्क सन्देश प्रवाह गरिरहेको छ । उग्र भए समाजमा पहिचान र नेताहरूको वरिपरि स्थान पाइने मानक स्थापित हुँदैछ। फलस्वरूप युवा मनोविज्ञान सामान्यदेखि जघन्य प्रकारका गतिविधि गरेर पनि राजनीतिक छहारी पाइने आकाङ्क्षा राख्छन् । यस प्रकारको मनोविज्ञानको छिटाले समाजमा गम्भीर प्रभाव पारिरहेको छ । युवावर्गमा अवाञ्छित कल्पनाले प्रश्रय पाइरहेको छ। भोज–भतेर, मासु र जाँड–रक्सीको लतमा पारेर अनेक प्रकारले युवा मनोविज्ञानमाथि हमला भइरहेको छ। थाहै नपाई कुलतको असर युवा जीवनमा परिरहेको छ । कुलतपूर्ण स्वाद प्रतिदिनको आवश्यकतामा परिणत हुन थालेको छ। यसले समाजमा अनेक प्रकारका नकारात्मक चुनौतीहरूको उदय भइरहेको छ ।

विगत तीस वर्षको अवधिमा सरकारी स्वामित्वका दर्जनौं उद्योग धन्दा बन्द भए। कृषिजन्य कार्यको लागि प्रवाह हुने सरकारी सुविधा नेताहरूका आसेपासे बाहेक सरोकारवालाले पाउने अवस्था छैन । नेताहरूको जगजगीका कारण सरकारी सुविधा र अवसर प्राप्त गर्नु सर्वसाधारण मानिसका ढुङ्गाको चिउरा चपाउनु सरह छ। अनि नेताहरूबाट क्षुब्ध युवाहरू रोजगारको खोजीमा दिनहुँ विदेश पलायन हुने क्रम जारी छ ।

प्रत्येक आन्दोलनबाट केही अदृश्य शक्ति र पात्रहरूको उदय हुन्छ । विसं २००७ सालदेखि हालसम्म, अनेक प्रकारका आशा र भरोसा बाँडेर गरिएका ती आन्दोलनहरूको लाभ सीमित पात्रले मात्र उठाएका छन् । यसले समाजमा वितृष्णा उत्पन्न गरिरहेको छ। जसले सत्तामा पुग्न काँधको सहारा दिए, ज्यानको आहुति दिए, उनीहरू र उनीहरूका सन्तान रोजगारको खोजीमा खाडी मुलुक प्रस्थान गर्न बाध्य छन् । युवाहरूलाई नेताहरूको नियत ज्ञात हुँदासम्म धेरै ढिलो भइसकेको हुन्छ । युवा उमेरमा नेतृत्व तहको जयजयकार गरेर नथाक्ने जोश समयको गतिसँगै शिथिल हुँदै जान्छ ।

नेताहरू आफ्नो पछाडि सधैं भीड रहोस् भन्ने चाहन्छन् । भीडको अग्रपङ्क्तिमा रहने व्यक्ति नै शिखरमा पुग्छ। हालको राजनीतिक शैली देश र सामाजिक सेवाभन्दा 'राजनीतिक–व्यापारीकरण' मा केन्द्रित भएको आभास सुनकाण्ड, एनसेलकाण्ड र कैद सजाय भुक्तान गरिरहेका अपराधीहरूलाई उन्मुक्ति दिनेलगायत अनेक घट्नाक्रमले प्रस्ट पारेको छ । पुराना दलहरूभन्दा निर्दलीय उम्मेदवारहरूप्रति बढ्दो झुकावले आम जनताको रुझान प्रस्ट हुन्छ ।

युवाहरूको काँधमा टेकेर सत्तामा हाम फालेका शीर्ष भनिने नेताहरूको भागबण्डामा आधारित सत्ता छ । विभिन्न कालखण्डमा युवाहरूकै छातीमा गोली ठोकेर सत्ताले बहादुरी देखाएको छ । जसमध्ये पछिल्लो उदाहरण हो, बालकुमारी घटना । यो घटनाले युवाहरूको व्यथा बयान गरिरहेको छ । नेताहरू भने एक भोजपुरी लोकोक्ति, "मार पडे तो भाग पडे, लुट पडे त टुट पडे" भनेझैं सिंहदरबार र गद्दीको वरिपरि परिक्रमा गर्नेबाहेक देश र जनताको हकमा सोच्ने र गर्ने फुर्सत छैन । युवा तथा आम मनोविज्ञानले धेरै कुराको सङ्केत गरिरहेको छ। चेतना भया !

लघुकथा

## कानून सबैको लागि बराबर

- बैधनाथ ठाकुर

प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति तथा अभिभावकहरूले खचाखच भरिएको थियो । प्रजिअलाई प्रधानाध्यापकले आफ्नो गुनासो गर्दै थिए– "विद्यार्थीलाई सरकारले कुट्नुहुँदैन भन्छ । उनीहरूलाई फेल पनि गर्नुहुँदैन भन्छ । यसले गर्दा विद्यार्थीहरू यतिधेरै बदमाश भइसकेका छन् कि आज विद्यालयको मुख्य द्वारमा ताल्चा लगाइदिएकाले पाँचजना शिक्षक विद्यालय आउन पाएनन् ।

यतिले मात्रै उनीहरूको चित्त बुझेन र शिक्षक तथा कर्मचारीका कोठामा बाहिरबाट चुकुल लगाइदिएकाले शिक्षकहरू कक्षा कोठामा जानै पाएनन्। अब सरले नै यिनीहरूलाई तह लगाउनुपऱ्यो वा के गर्ने उनीहरूको अभिभावकहरूकै अगाडि हामीलाई निर्देशन दिनुपऱ्यो भन्ने हजुरलाई विशेष आग्रह गर्छौं ।"

प्रजिअले प्रअरूको कुरा सुनिसकेपछि बडो शान्त भएर विद्यार्थीहरूलाई भने–"तपाईंहरू यहाँ कसैसँग डराउनुपर्दैन। कुरा के हो स्पष्ट भन्नुस्। बरु एकजना सबै कुरा राख्न सक्ने भाइ बोल्नुस् ।"

प्रजिअको कुरा सुनेर एकजना विद्यार्थी उठेर भन्न थाल्यो– "हामी विद्यालय ढिलो आउँदा कहिले कुखुरा बन्नुपर्ने, कहिले कुटाइ खानुपर्ने, कहिले बस्ता लिएर घर फर्किनुपर्ने अनि हाम्रा आदरणीय सरहरू सधैं विद्यालय ढिलो आउने, कक्षामा समेत पढाउन ढिलै आउने, घण्टी नलाग्दै छिट्टै फर्किने, कक्षामा नपढाइ पढपढ भन्ने, आफ्नो घरको बकवास कुरा गरेर समय बिताउने, टच्युसन पढ्न घरमा बोलाउने जस्ता काम मात्रै गर्दा कसलाई रिस उठ्दैन ? झन् पटकपटक मौखिक र लिखित समस्या बताउँदा पनि सम्बोधन नगर्ने अनि उल्टै नेता बनेको भन्दै तथानाम गालीगलौज र कुटपिट गर्ने अनि रिस उठ्दैन ? हामीले पठनपाठन राम्रो होस् र हाम्रो भविष्य खराब नहोस् भनेर यो कदम बाध्यतावश चालेका हौं । न त कसैको उक्साहटमा, न त कसैलाई मानमर्दन गर्न । हाम्रो कुरा यति हो । अब हजुरहरू नै भन्नुस् हाम्रो के दोष छ ।"

दुवै पक्षको कुरा सुनिसकेपछि प्रजिअले निर्णय सुनाउँदै भने– "विद्यालयमा ढिलो आउन कसैलाई पनि छुट छैन । शिक्षक होस् वा कर्मचारी वा प्रधानाध्यापक वा विद्यार्थी। सबैजना समयमैं आउनुपर्छ र आआफ्नो कर्तव्य इमानदारीले पूरा गर्नुपर्छ । हेर्नुस्, अब पुरानो समय होइन। यो नयाँ नेपाल हो। कानून सबैको लागि बराबर छ।"

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

चाडपर्व मनाउन छोड्नुहुँदैन । तर हाम्रा जीवनका हरेक दिन होली तथा दिपावलीमय हुनुपर्छ। यी चाडबाडहरूलाई सकारात्मकरूपले अरू फैलाउनुपर्छ ।

ओशोले हजारौं मानिसहरूसँग कुरा गर्दा उहाँले भनेका कुराहरू हामीलाई विरोधाभासपूर्ण लाग्न सक्छ । कसैले बच्चाजस्तो प्रश्न सोध्यो भने उहाँ उसलाइ एक किसिमको जवाफ दिनुहुन्थ्यो। कोही ज्यादा समझदार व्यक्ति आयो, उसले बच्चाजस्तो हैन, परिपक्व जस्तो पनि हैन, त्यस्तो प्रश्न सोध्यो भने उसलाइ भन्नुहुन्थ्यो – छोड, यसमा के छ र ? फेरि परिपक्व मानिस आएर प्रश्न सोध्यो भने भन्नुहुन्थ्यो–अब हजूरको हरेक क्षण चाडपर्वजस्तो र पूरा जीवन नै उत्सवपूर्ण हुनुपर्छ । छुट्टै कुनै एक दिनलाई विशेष दिन बनाउनु जरूरी छैन। तर यसको कुनै विरोध पनि छैन। उहाँले हामीलाई सकारात्मक दिशातिर लैजान चाहनुहुन्छ । जब हामी कुनै चीजको विरोध गर्छौं, त्यो नकारात्मक हुन्छ । हामी भन्छौं यो छोड, यसलाइ त्यागिदेऊ। उहाँले छोड्ने वा त्याग्ने कुरा गरिरहनु भएको छैन। उहाँ असल कुरा प्राप्तिको कुरा गरिरहनु भएको छ, जसले गर्दा हाम्रो जीवन उत्सवमय होस् ।

ओशो सानासाना उत्सवको विरोधमा हुनुहुन्न । जसैजसै मानिसको बुद्धिमत्ता प्रगाढ हुन्छ, त्यसैत्यसै ऊ आफ्नो केटाकेटीपनबाट बाहिर आउने छ । बच्चासँग खेलौना खोसिंदैन, एक दिन उसले आफैं छोडिदिन्छ । बच्चा ठूलो भएपछि, तिमी साना हुँदाका खेलौना कहाँ गए भनेर हामीले सोध्यौं भने उसले भन्नेछ–मैले त सबै खेलौना फोहोर फ्याक्ने ठाउँमा फ्याँकिदिएँ । अब म ठूलो भइसके, म समझदार भइसकें ।

जस्तो हामी साना बच्चाहरूसँग गर्छौं, त्यस्तै सद्गुरुले पनि मानिसहरूसँग गर्नुहुन्छ । सद्गुरुका लागि सारा मनुष्य जाति साना बच्चासमान हुन्छन् । त्यही भएर उहाँ कसैसँग केही खोस्न चाहनुहुन्न। वहाँ होली–दिपावलीको विरोधमा हुनुहुन्न। तर एउटा अरू रंगको होली खेल्ने गरिन्छ। ओशो भन्नुहुन्छ – तिमीभित्र परमात्माले फागु खेलिरहेका छन्। त्यहाँ आलोकको छाया छ, रंगको छाया छ, उनको रंगमा कहिले डुब्ने ? ठीक छ बाहिर रंग लगाउँछौ र फागु उडाउँछौ, यो कुरा त राम्रै हो । तर अन्तर्आत्मामा पनि फागु उडिरहेको छ, त्यो रंग कहिले देख्ने ? त्यो धेरै महत्त्वपूर्ण छ । बाहिर तिमीले दियो बाल्यौ, यो राम्रो कुरा हो। औंसीको रातको अँध्यारो हट्यो राम्रो भयो। तर तिम्रो अन्तर्आत्मा अँध्यारो छ त्यो अन्तर्आत्मामा भएको अँध्यारो कहिले हटाउँछौ । त्यो त ध्यानको दिपक बालेपछि मात्र हुनेछ। त्यो माटाको दियो निभाउने कुरा उहाँले गरिरहनुभएको छैन, भित्र चेतनाको दीपक जलाउने कुरा गरिरहनुभएको छ। उहाँको कुरालाई हामीले सकारात्मक ढङ्गले लिंदा राम्रो हुन्छ ।

त्याग आफैंमा नकारात्मक शब्द हो, यसमा हामीले केही छोड्नुपर्छ । पुरानो जमानामा सन्न्यासको अर्थ यस्तै थियो । घर त्याग, परिवार त्याग, धन सम्पत्ति त्याग, समाज त्याग र जङ्गलमा, पर्वतमा, गुफामा एकान्तवासमा बस । यही नै सन्न्यासको अर्थ थियो। ओशोले यसलाइ बिल्कुल नयाँ अर्थ दिनुभयो । त्याग हैन, उपलब्धिको भाषामा सोचौं र हामी के उपलब्धि गर्न सक्छौं गरौं । जीवनमा एउटा सकारात्मक लक्ष्य हुनुपर्छ, नकारात्मक लक्ष्य होइन। म यो छोड्छु, त्यो छोड्छु, भनेर केही हाासिल हुँदैन। मानौं कुनै मानिससँग चम्किलो पत्थर छ, र ऊ त्यसलाई धेरै मूल्यवान ठान्छ। सानो बच्चा प्राय: खोला किनारमा खेल्ने गर्दछ। त्यहींबाट उसलाइ राम्रो लागेको ढुङ्गा घर लिएर आउँछ। उसका लागि त्यो ढुङ्गा नै हीरा–जवाहरात हो । अब कुनै बुजुर्ग मानिसले उसलाइ तिमी यो ढुङ्गा फ्याँकिदेउ भन्यो भने उसलाई धेरै दु:ख हुन्छ किनकि उसलाइ लाग्छ मैले नदी किनारबाट घरमा सजाएर राख्नको लागि खुब महँगा चीजहरू लिएर आएको छु । यदि उसले बुजुर्ग मानिसको कुरा मानेर ढुङ्गा फ्याँकि नै दियो भने पनि ऊ रातभरि त्यसकैबारे सोचेर चैनले सुत्न सक्दैन। सपनामा पनि उसले यही देख्छ। यो त्याग उसका लागि नकारात्मक साबित भयो । उसलाइ ढुङ्गा फालिदेऊ भन्नुभन्दा पनि तिमी हीरा–जवाहरात प्राप्त गर्ने प्रयत्न गर भन्यो भने ज्यादा अर्थपूर्ण हुन्छ। ज्यादा मूल्यवानतर्फ सङ्केत गर्नु राम्रो हुन्छ। उपलब्धिको सकारात्मक भाषा बोल्नु ठीक हुन्छ । निश्चितरूपमा त्यो बच्चाले हीरा–जवाहरात प्राप्त गर्नेछ, त्यही दिन उसले ढुङ्ग छोडिदिनेछ। यसको लागि उसलाई भनिरहनु पनि पर्नेछैन । जुन बेला उसले त्यो ढुङ्ग छोड्छ, त्यस बेलाको उसको त्यागलाई हामीले त्याग भनिरहने पनि जरूरत छैन ।

कुनै मानिसले आफ्नो घरमा कुचो लगाएर फोहोर कसिंगर दिनैपिच्छे बढार्छ भने यसलाइ के हामी त्याग भन्न सक्छौं ? कसैले यस्तो भन्यो भने अरू देख्ने र सुन्ने मानिस हाँस्नेछन् । उसलाई पागल घोषित गर्न पनि पछि पर्ने छैनन्। फोहोर कसिंगर त फ्याँक्ने नै चीज हो, त्यो फ्याँक्दा त्याग गरेको भन्न मिल्दैन । ठीक यसैगरी ढुङ्गाहरू निरर्थक हुन् भन्ने थाहा पाएपछि ती आफैं छुटेर जानेछन्। त्यसमा भन्नुपर्ने केही हुँदैन । जसले मैले यो छोडें त्यो छोडें भन्छ, उसले छोड्नुको अर्थ बुझेको छैन भन्ने हुन्छ। यसको अर्थ हुन्छ उसको लागि यसको अझै मूल्य छ।

क्रमश:

# चीसो मौसममा मूलाको परौठा



चीसो मौसममा हरियो धनियाको चटनीसँगै मूलाको परौठा खाँदा अलग्गै स्वाद आउँछ। मूला स्वादको लागि मात्र होइन, स्वास्थ्यको लागि पनि रामबाण हो । यो आयुर्वेदको औषधीय तरकारी हो । प्रभावमा गरम मूलाले कैयौं बिमारीलाई जरादेखि मेटाउन सक्छ । अल इन्डिया इन्स्टिच्युट अफ आयुर्वेदकी आयुष वल्लरीका अनुसार मूलाले पाचनशक्ति बढाउँछ र यो खाएपछि खाना चाँडै पच्छ । यदि कसैलाई पाचनसम्बन्धी समस्या छ भने उसले नियमितरूपले काँचो मूला खानुपर्छ ।

यतिमात्र होइन, मूला सासको रोगीका लागि पनि रामबाण औषधि हो। चीसोको मौसममा मूलाको परौठा, साग, तरकारी, दाल वा सलादको रूपमा लगातार सेवन गर्नुपर्छ। यसबाट खोकी पनि निको हुन्छ र घाँटीको दुखाइ पनि कम हुन्छ। मूलाको पातले मूत्रलाई सजिलै निकाल्नुको अलावा कमलपित्तजस्तो भयङ्कर रोगमा पनि निकै फाइदाजनक हुन्छ ।

तर मूला किन्ने समयमा धेरैले गलती गर्छन्। मूला किन्दा निकै ध्यान राख्नुपर्छ। आयुष वल्लरीका अनुसार यदि तपाईं घरमा मूला किनेर ल्याउनुभइरहेको छ भने सदैव सानो मुला किनेर ल्याउनुपर्छ, छोटो सेतो दागरहित थोरै हरियो पात भएको मूला स्वास्थ्यको लागि फाइदाजनक हुन्छ। एआइआइए द्रव्य गुण विभागकी सहायक प्राध्यापक डा शिवानी घिल्डियाल भन्छिन्– ठूलो र सानो मूला जसमा रेसा निस्किन्छ, आयुर्वेद अनुसार यस्ता मूलालाई भोजनमा समावेश गर्नुहुँदैन। मूलाको परौठा बनाउन मुलालाई मसिनो बनाउनुपर्छ। यस्तोमा सहजताको लागि धेरैजसोले ठूलो मूला किनेर ल्याउने गर्छन् तर बजारबाट सदैव सानो मूला किनेर परौठा बनाउनुपर्छ।

# मानसिक र शारीरिक गडबडीले हुने व्यवहार परिवर्तन–२

पाठकवृन्द, गताङ्कमा मानसिक कारणले हुने कोरोनरी आर्टरी डिजिज सम्मको वर्णन सकिएको थियो । अब पोस्टकार्डियक सर्जरी डेलिरियम अथवा हार्ट सर्जरीपछिको डेलिरियम : यो आइसियु सिन्ड्रोमजस्तै हुन्छ । आइसियु सिन्ड्रोममा आइसियुमा राखेर उपचार गरिएका बिरामीमा विभिन्न मानसिक र शारीरिक गडबडी देखिएको छ। त्यही खालको लक्षण यहाँ पनि पाइन्छ जुन मुटुको अपरेशन गरेपछि २४ देखि ४८ घण्टामा देखिन्छ र त्यस्तो रोगीमा बढी हुन्छ, जो अपरेशनबाट धेरै डराएको हुन्छ । यसबाहेक मस्तिष्क–रोग भएमा, आइसियुको वर्जित वातावरणको डर, चिन्ता तथा इलेक्ट्रोलाइटको असन्तुलनले पनि हुन्छ। यस्तो नहोस् भनेर सर्जरीपूर्व, चिन्ता र डिप्रेशन नहुने औषधि दिएर रोगीलाई अपरेशन स्वीकार गर्ने स्थितिमा ल्याइन्छ। आइसियुमा रोगीको समयको व्यवस्था राम्ररी मात्र गर्ने मात्र होइन, आइसियुको नियमविपरीत परिवारको एकजना सदस्यलाई त्यहाँ बस्न पनि दिनुपर्छ । डेलिरियम जीवनको लागि घातक हुन्छ, तसर्थ रोगीलाई आइभी लाइफलाइनमा राख्नुपर्छ र त्यसमा डाइजिपाम र हेलोपेरिडोल प्रत्येक आधाआधा घण्टामा दिइन्छ। त्यसपछि जबसम्म डेलिरियम काबूमा आउँदैन, कम खुराकमा हेलोपेरिडोल दिनुपर्छ । हेलोपेरिडोलको साथ एन्टिकोलिनर्जिक ओषधि दिनुहुँदैन किनभने त्यसले डेलिरियमलाई झन् बढाइदिन्छ।

**वेदना (ग्रीफ) :** वेदनाको मतलब हुन्छ असीम आन्तरिक वा मानसिक पीडा, जुन कडा डिप्रेशन वा अवसादभन्दा भिन्न हुन्छ तथा कुनै सम्बन्धीको मृत्यु, कुनै ठूलो व्यापारिक घाटा, समाजमा छवि मटियामेट पारीदिने काम भएपछि हुन्छ। यो वेदना प्राय: स्वाभाविक हुन्छ जसको भर्पाई समयले गर्छ तथा मनोचिकित्साको आवश्यकता हुँदैन। तर कहिलेकाहीं जटिल वेदना व्यवस्थापनको लागि चिकित्सक वा मनोचिकित्सकलाई बोलाइन्छ र बोलाउनुपर्छ। लन्डनको डा. जान वाउल्वीले १९६१ मा वेदनाको चार चरण बताए : शाक, प्रोटेस्ट वा विरोध, डिस्पेयर वा विचलन र डिटैचमेन्ट वा अलगाव। वेदनाको पहिलो चरणमा मान्छे प्राय शाक अथवा आघातमा हुन्छ र घटनालाई अस्वीकार गर्छ। जस्तै कसैको मृत्यु भएको छ भने ऊ भन्छ भएको छैन। यो स्टेज केही घण्टा मात्र रहन्छ तर कहिलेकाहीं दुई सप्ताहसम्म पनि रहन सक्छ । जब मान्छेलाई घटनाको सम्पूर्ण क्षतिबारे जानकारी हुन्छ तब विभिन्न मानसिक वा शारीरिक लक्षण देखा पर्छ । यो कराउने, कमजोरी, भोकमा कमी र सास लिनसमेत कठिनाइको रूपमा प्रकट हुन्छ। यो चरण लगभग चारदेखि ६ हप्ताको हुन्छ तर कहिलेकाहीं ६ महीनासम्म पनि जान सक्छ। त्यसपछि मान्छेले मृतकको अवगुण बिर्सेर उसका भिन्नभिन्न असल बानीको कुरा मात्र गर्छ। उसलाई मृतकको स्पष्ट छवि, अस्पष्ट सपना वा विचारको रूपमा प्रकट हुन्छ । यथा: मृतक समाजप्रति कति जागरुक थियो भन्ने कुराको वर्णन गर्छ । उसले अरूको अनुहारमा पनि मृतककै अनुहार देख्छ। अर्थात् अरू वा जोकसैलाई उही हो भन्छ। त्यस्तो व्यथित मान्छे समाजबाट थोरै अलग हुने, पैनिक एटैक हुने, अपराधबोध हुने, आफूप्रति र कामप्रति रुचि कम हुने, हरदम आफू र आफ्नो विचारलाई मृतकको विचारसँग जोडिरहने, डिप्रेशन र आत्महत्याको विचारसमेत देखा पर्छ। अपराधबोधको नमूना म स्वयं हुँ जब बुवाको निप्रोस्थेसिस लगाउनुभन्दा पहिले नै बुवा स्वर्गे हुनुभयो । मेरो मन अहिलेसम्म दुखिरहन्छ कि समयमा निप्रोस्थेसिस लगाएको भए बुवा अहिले जीवित हुन्थे । अन्तमा मान्छेमा पुर्नव्यवस्थित हुनु र संसारसँग पुनर्संयोजनको चरण आउँछ ।

ग्रीफ दुई प्रकारको हुन्छ । पहिलो सामान्य जुन आफैं ठीक हुन्छ र दोस्रो असामान्य ग्रीफ जुन सामान्य ग्रीफको मात्रा बढी भएमा देखा पर्छ। जुन महीना दिनभित्र आफैं निको हुँदैन, त्यो वेदना रोग बन्छ । असामान्य वेदना पनि दुई प्रकारको हुन्छ : पैथोलोजिकल र कम्लिकेटेट वा जटिल । कम्लिकेटेडमा वेदनाको लक्षणसँगै न्युरोटिकदेखि साइकोटिक लक्षण पनि देखिन्छ। यस्तो लक्षणमा हिस्टेरिया, मैनिया र कडा साइकोटिक लक्षण देखा पर्छ जुन यसका उपप्रकार हुन्; यथा: हिस्टेरिक, मैनिक र साइकोटिक । त्यस्तै पैथोलोजिकल पनि तीन प्रकारको हुन्छ : क्रोनिक, डिलेड र इहिनविटेड। क्रोनिक ६ महीना भन्दा बढी चल्छ । डिलेडको शुरूआत आफन्तको मृत्यु वा सम्पत्ति नाश भएको दुई महीनापछि हुन्छ । मलाई एकजना पुलिस इन्सपेक्टरको सम्झना छ । माओवादी युद्धका बेला उनले नोकरी छाडेर सिमेन्टको व्यापार गर्ने सोच बनाए। जागीर पनि गयो र सिमेन्टको व्यापार पनि चौपट भयो। अब डिप्रेशन इन्सपेक्टरमा होइन, उनकी पत्नीमा देखियो । उपचार चल्न थाल्यो । धन्य इन्सपेक्टरको भाग्य ! माओवादी आतङ्क सामान्य भएपछि उनको नोकरी फेरि कायम भयो र इन्सपेक्टरनी साहिबा पहिलेजस्तै ठीक भइन् । उपचारभन्दा नोकरी कायम भएकोले बढी असर गऱ्यो। इहिनविटेडमा क्षतिको अस्वीकृति, अत्यधिक चिन्ता, अपराधबोध, क्रोध र धार्मिक प्रकारको वेदना हुन्छ। मान्छेले आफ्नो पहिचान मृतकका साथ जोड्ने, मृतकबारे विचारमग्न रहने तथा मृतकको वार्षिकीमा विभिन्न मनोभावको उतार चढाव आदिबाट गुज्रनेजस्ता लक्षणहरू देखा पर्छ।

**उपचार :** सामान्य वेदनाको लागि उपचार आवश्यक हुँदैन। चिन्ता हटाउने सानो औषधि छोटो समयको लागि दिए पुग्छ। तर पैथोलोजिकल र जटिल वेदनामा लक्षण अनुसारको औषधि आवश्यक हुन्छ, जसको लक्ष्य र दबाब के हुन्छ भने मान्छे आफ्नो अस्वीकृति त्यागेर वास्तविकताको सामना गरोस्, खुला हावामा राखेर मान्छेको कैथार्सिस होस्, वर्तमानका प्रमुख समस्या र बालबच्चातिर ध्यान मोडियोस् । कहिलेकाहीं त्यस्तै प्रकारको क्षति भएको अर्को मानिसलाई उपस्थित गराएर एक अर्काको वेदना साटासाट गरेर दु:ख बाँडियोस् भन्ने प्रयास पनि गरिन्छ । यसरी रोगीको लक्ष्य र भावी कर्तव्यप्रति ध्यान आकृष्ट गराउने आदि प्रयास गरिन्छ। अस्तु !

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

ग्रीफ (वेदना) दुई प्रकारको हुन्छ। पहिलो सामान्य जुन आफैं ठीक हुन्छ र दोस्रो असामान्य ग्रीफ जुन सामान्य ग्रीफको मात्रा बढी भएमा देखा पर्छ। जुन महीना दिनभित्र आफैं निको हुँदैन, त्यो वेदना रोग बन्छ। असामान्य वेदना पनि दुई प्रकारको हुन्छ : पैथोलोजिकल र कम्लिकेटेट वा जटिल।

# ब्ल्याक हर्सले बनायो लघु चलचित्र 'पाउलो'

ऐना आर्ट्सको प्रस्तुति र ब्ल्याक हर्स जुत्ता कम्पनीको सहयोगमा लघु चलचित्र 'पाउलो' निर्माण भएको छ। जुत्ताको कथावस्तु रहेको 'पाउलो' को छायाङ्कन काठमाडौंको पशुपति परिसरमा गरिएको थियो। लघु चलचित्रमा प्रशान्त हुमागाईं, सुवास सिलवाल, मोहन श्रेष्ठ, उद्धव दङ्गाल, नरेन भट्टराई, निश्चल कार्की, सम्पन्न दाहाल, लिजेश थापा र सन्देश थापाले अभिनय गरेका छन् । पाउलोमा रेनुका कार्कीको कास्टिङ डिरेक्शन र प्रोडक्सन म्यानेजमेन्ट चक्र प्रसाद पोखरेलले गरेका छन् । सहायक निर्देशन करन साउदको रहेको छ । लघुचलचित्रको छायाङ्कन नारायण जिसीले गरेका हुन् र सम्पादन अनिलकुमार महर्जनले गरेका छन् ।





लघुचलचित्र 'पाउलो' पशुपति परिसरमा बस्ने परिवारविहीन एकजना सडक बालकको कथा हो, जसमा शुरूदेखि अन्त्यसम्म मुख्य पात्र जुत्तालाई नै बनाइएको छ। मानिस जन्मन्छ, हुर्कन्छ, विवाह गर्छ, विवाहपश्चात् पति वा पत्नीको मृत्यु भयो भने उसले अर्को विवाह गरेको घटना समाजमा पाइन्छ, यस्तै छ। यहाँ कलाकार वा पात्रले जुत्तालाई हैन, जुत्ताले कथाका पात्रहरूलाई घुमाइरहन्छ। त्यही जुत्ताले कसैलाई खुशी दिन्छ त कसैलाई रुवाउँछ वा समय अनुसार मानिसलाई दु:खी बनाइदिन्छ। लघु चलचित्र 'पाउलो' मा पनि एउटा जीवन्त कथा र समाजको यथार्थ चित्रण रहेको छ।

जुत्ता एउटा सामग्री मात्र हैन, मानवीय अनुभूतिहरू पनि हो भन्ने यस लघु चलचित्रको मुख्य सार रहेको छ। पाउलोको कथावस्तु जुत्तासम्बन्धी भएर आफूलाई राम्रो लागेकाले सहकार्य गरेको ब्ल्याक हर्स इन्ड्रस्टिज प्रालिका प्रबन्ध निर्देशक चीनबहादुर श्रेष्ठ बताउँछन् । ब्ल्याक हर्सले नेपालमा विभिन्न ब्रान्डेड जुत्ता तथा चप्पलहरूको उत्पादन तथा वितरण गर्दै आइरहेको छ।

लघु चलचित्र पाउलोको लेखन तथा निर्देशन मोहन अभिलाषीले गरेका हुन्। अन्य चलचित्रहरूमा व्यक्तिलाई पात्रको रूपमा उभ्याउने गरिए तापनि यस लघु चलचित्रमा जुत्तालाई नै मुख्य पात्र र मानिसको कथालाई विम्बको रूपमा जुत्ताको जीवनकथामा प्रस्तुत गरिएको जीवनको रूपमा उतार्ने प्रयास गरिएको उनी बताउँछन्। उनले यस अघि निर्माण गरेका लघु चलचित्र 'भाउ', 'घुर्रा', 'द स्कूलवाल' विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा समेत छनोट भएर विभिन्न देशमा प्रदर्शन भएको छ।

पाउलोका पात्रहरूका लागि स्पार्कल आर्ट एकेडेमीमा अडिशनमार्फत कलाकार छनोट गरिएको थियो । मुख्य पात्रको रूपमा अभिनय गरेका प्रशान्त हुमागाईं यस लघु चलचित्रबाट अभिनयबारे अझ धेरै कुरा सिक्ने अवसर पाएको बताउँछन्। पात्रमा अभिनय गरिरहँदा मानिसहरु झुक्किएर पैसा दिएको अनुभव समेत सुनाए। उनले नाटकमार्फत बेलारूस र बङ्गलादेश पुगेर उत्कृष्ट बाल कलाकारको अवार्डसमेत प्राप्त गरिसकेका छन्।

# लघुकथा : फिङ्गर प्रिन्ट

- खेमराज पोखरेल

साउनको सोमवार । जतातत्तै हराम्मे महिलाहरूको ताँती थियो । बाटाघाटा, चोक, चौतारी, बस ट्याम्पो सबै खचाखच थिए । हरिया पहेंला देखिन्थे। बबरमहलबाट पन्द्र–बीसजना जति भद्रमहिला भक्तपुर जाने सार्वजनिक बसमा हतारिएको मन:स्थितिमा ठूलो हल्लाखल्लाका साथ पदार्पण गरे । ती सबै सरकारी अफिसका कर्मचारी थिए भनी बुझ्न उनीहरूले लगाएको पहिरन र वार्तालाप पर्याप्त थियो। बसमा सवार सबै यात्रीहरूको ध्यान त्यतैतिर तानिनु स्वाभाविक थियो ।

वार्तालाप यस्तो थियो :

सज्जन महिला क. "यो देशका नेताहरू सबै चोर भए, न राम्रो संविधान दिन्छन् न जाबो नगरबसको नै व्यवस्था गर्न सक्छन्, कस्तो असुविधा, सबका सब भ्रष्टाचारी ।"

सज्जन महिला ख. "हो त नि ! भुइँचालो आएको त सत्र पल्ट्यो यी नेताहरूलाई, राहत कुम्ल्याइहाले, आफूलाई भने कहिल्यै राहत शाखामा काम गर्न दिएनन् ।"

सज्जन महिला ग. "नेता र ठूला कर्मचारी सरकारी गाडीमैं सरर कुदिहाल्छन् कामचोर, हामीलाई भने सधैं सास्ती !" बस आफ्नै सुस्त तालमा हिंड्दै/रोकिंदै थियो। बेलाबेलामा खलासी भाइको आदेश आइरहन्थ्यो :

"खुट्टा भित्र हाल्नुस्, ए दिदी अलि पर सर्नुस्, भनेको सुन्नुहुन्न ?"

बस कोटेश्वरमा धूवाँको मुस्लो निकाल्दै रोकियो र लामो सास फेऱ्यो। भद्रमहिलाहरूको लगातारको वार्तालापको विषय फेरियो ।

सज्जन महिला क. "यो बस पनि कत्ति रोकिएको, आफूलाई कति हतार छ।"

सज्जन महिला ख. "हो त नि, हाम्रो त हाकिम पनि निकै छुच्चो छ, यसो कतै गयो, कडा गर्न खोज्छ, उसलाई व्यावहारिकताको कुनै ख्यालै छैन, असत्ती छ असत्ती !"

सज्जन महिला ग. "हो भन्या, बसले पनि कति ढिलो गऱ्यो, दस बजे अफिसमा फिङ्गर प्रिन्ट लगाएर हिंडेको, बेलुका चार बजे फेरि फिङ्गर प्रिन्ट लगाउन पुग्नु नै पर्छ, कति बेला डोलेश्वर पुग्नु, लाम पनि लामै होला ।"

# अन्तर्राष्ट्रिय समाचार

## उत्तर कोरियाद्वारा दक्षिण कोरियाली टापुनजीकै तोप आक्रमण : सियोल




सियोल, २० पुस/एएफपी

उत्तर कोरियाले दक्षिण कोरियाका दुई टापूनजीकै शुक्रवार २०० भन्दा बढी तोपगोला प्रहार गरेको सियोलको रक्षा मन्त्रालयले जनाएको छ।

सन् २०१० मा उत्तर कोरियाले एउटा टापूमा गोलाबारी गरेपछि दुई कोरियाबीच भएको सबैभन्दा गम्भीर सैन्य तनावका कारण दुवै टापूका बासिन्दालाई सुरक्षित स्थानमा जान आदेश दिइएको थियो।

प्योङयाङमा किम जोङ उन नेतृत्वको सरकारले दक्षिण कोरिया र उसको अमेरिकी सहयोगीविरुद्ध युद्धका लागि तयार रहेको बारम्बार चेतावनी दिएपछि शुक्रवार प्रत्यक्ष गोलीबारी भएको हो।

"उत्तर कोरियाली सेनाले स्थानीय समय अनुसार शुक्रवार योनप्योङ टापूको जाङसान–गोटको उत्तरी भाग र उत्तरी क्षेत्रमा बिहान ९:०० देखि ११:०० सम्म २०० भन्दा बढी चरण तोप आक्रमण गरेको छ"–दक्षिण कोरियाली रक्षा मन्त्रालयका एक अधिकारीले पत्रकारहरूसँग सङ्क्षिप्त कुराकानी गर्दै भने।

"यो उत्तेजक कार्य हो र यसले कोरियाली प्रायःद्वीपको शान्तिलाई खतरामा पारेको छ"–मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा भनिएको छ–"हामी उत्तर कोरियालाई यस बढ्दो सङ्कटको पूर्ण जिम्मेवारी वहन गर्न कडा चेतावनी दिन्छौं र ती कार्यहरू तत्काल रोक्न जोडदार आग्रह गर्दछौं।"

"हाम्रो सेनाले संयुक्त राज्य अमेरिकासँग समन्वयमा स्थितिलाई नजीकबाट नियालिरहेको छ र उत्तर कोरियाको उक्साहटको जवाफमा उचित कदम चाल्नेछ"–उनले भने।

योनप्योङ टापूका स्थानीय अधिकारीहरूले एएफपीलाई बताए अनुसार सर्वसाधारणलाई सुरक्षित स्थानमा जान भनिएको छ र यो आदेशलाई युद्ध 'रोकथामको उपाय' को रूपमा वर्णन गरिएको छ।

दक्षिण कोरियाको योनप्योङ टापू पहेंलो सागरमा अवस्थित छ। यो उत्तर कोरियाको इन्चोनबाट लगभग ८० किलोमिटर पश्चिम र ह्वाङ्हाई प्रान्तको समुद्री तटबाट १२ किलोमिटर दक्षिणमा पर्छ।

बाङन्योङ टापूका अधिकारीहरूले पनि त्यहाँबाट उद्धार आदेश जारी गरेको जानकारी दिएका छन्।

"हामी अहिले उद्धारको घोषणा गरिरहेका छौं"–बाङन्योङ टापूका एक स्थानीय जिल्ला अधिकारीले एएफपीसँग भने–"दक्षिण कोरियाली सेनाले चाँडै नै नौसैनिक अभ्यास गर्ने जानकारी पाएको छु।"

"शुरूमा मलाई यो हाम्रो आफ्नै सेनाले गरेको परीक्षण हो भन्ने लागेको थियो तर पछि उत्तर कोरियाले आक्रमण गरेको पुष्टि भएको छ"–बेङन्योङ टापूका बासिन्दा किम जिन–सोले स्थानीय प्रसारक वाइटिएनलाई बताए।

प्योङयाङले सन् २०१० को नोभेम्बरमा योनप्योङ टापूमा १७० वटा तोपको गोला प्रहार गरेको थियो। आक्रमणमा सन् १९५०–५३ को कोरियाली युद्धपछि उत्तर कोरियाले पहिलोपटक दुई सर्वसाधारणसहित चारजनाको ज्यान लिएको छ।

किमले धेरै उन्नत आइसिबिएम परीक्षण गर्दै देशको संविधानलाई आणविक शक्तिको दर्जा दिएपछि दुई कोरियाबीचको सम्बन्ध दशकौं यताकै सबैभन्दा तल्लो बिन्दुमा पुगेको छ।

प्योङयाङको यस वर्षको अन्त्यमा भएको महत्त्वपूर्ण नीतिगत बैठकमा किमले दक्षिण कोरियामाथि आणविक आक्रमण हुन सक्ने चेतावनी दिंदै सशस्त्र द्वन्द्व अघि नै देशको सैन्य शस्त्रागार निर्माण गर्न आह्वान गरेका थिए।

उनले संयुक्त राज्य अमेरिकाले 'विभिन्न प्रकारका सैन्य खतरा' खडा गरेको आरोप लगाएको र आफ्नो सशस्त्र सेनालाई 'बृहत् युद्ध प्रतिक्रिया क्षमता' कायम राख्न आदेश दिएका थिए।

आदेशको पुष्टि गर्दै उत्तर कोरियाको आधिकारिक समाचार संस्था केसिएनएले भनेको थियो–"उत्तर कोरियामा आक्रमण गर्ने शत्रुहरूको लापरवाहीपूर्ण चालका कारण कोरियाली प्रायःद्वीपमा कुनै पनि बेला युद्ध भड्कन सक्छ भन्ने निष्कर्ष बैठकले निकालेको छ।"

प्योङयाङलाई रोक्नका लागि वाशिंगटनले गत वर्षको अन्त्यतिर दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा आणविक शक्तिसम्पन्न पनडुब्बी तैनाथ गरेको थियो र सियोल र टोकियोसँग भएको युद्ध अभ्यासमा आफ्ना लामा दूरीका बमवर्षक विमान उडाएको थियो।

उत्तर कोरियाले कोरियाली प्रायःद्वीपमा संयुक्त अभ्यासमा वाशिंगटनका बी–५२ बमवर्षक जस्ता रणनीतिक हतियार तैनाथ गर्नुलाई 'जानाजानी आणविक युद्धका लागि उत्तेजक कदम' को संज्ञा दिएको छ।

सम्मेलनको समापनपछि किमले भने–"सेनाले कुनै पनि सम्भावित आणविक सङ्कटको द्रुत तयारी गर्नुपर्छ र आकस्मिक रूपमा आणविक बलसहित सबै भौतिक साधन र शक्ति परिचालन गरेर दक्षिण कोरियाको सम्पूर्ण भूभागलाई दबाउने महान् घटनाको तयारीलाई निरन्तर उत्प्रेरित गर्नुपर्दछ।"

सन् २०२३ मा, उत्तर कोरियाले युक्रेनका लागि हतियार स्थानान्तरणको बदलामा रूसबाट सहयोग प्राप्त गरेपछि सफलतापूर्वक एक टोही उपग्रह प्रक्षेपण गरेको थियो। रासस

## रूसले उत्तर कोरियाली क्षेप्यास्त्र प्रयोग गरेको अमेरिकाको दाबी

वाशिङ्टन, २० पुस/एएफपी

उत्तर कोरियाले युक्रेनमा हालै भएको आक्रमणमा प्रयोग भएका ब्यालेस्टिक क्षेप्यास्त्र र लन्चर रूसलाई उपलब्ध गराएको ह्वाइट हाउसले बिहीवार जनाएको छ।

राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आक्रमण गरेको करीब दुई वर्ष हुँदै गर्दा रूसले आफ्नो सहयोगी इरानसँग क्षेप्यास्त्र खरीद गर्न खोजिरहेको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकासँग हुने 'सैन्य भिडन्त'को तयारीका लागि क्षेप्यास्त्र लञ्चरको उत्पादन बढाउन आह्वान गरेपछि ह्वाइट हाउसको यो टिप्पणी आएको कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए)ले जनाएको छ।

अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीका अनुसार प्योङयाङले आपूर्ति गरेको करीब ९०० किलोमिटर (५५० माइल) लामो दूरीमा हान्ने क्षेप्यास्त्रले रूसले युक्रेनमा गत साता दुई पटक आक्रमण गरेको थियो।

ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा कर्बीले भने–"हाम्रो जानकारीले के देखाउँछ भने प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (उत्तर कोरिया) ले हालै रूसलाई ब्यालेस्टिक क्षेप्यास्त्र लन्चर र केही ब्यालेस्टिक क्षेप्यास्त्र उपलब्ध गराएको छ।"

"यो रूसका लागि उत्तर कोरियाको समर्थनको एक महत्त्वपूर्ण हिस्सा हो र यसले विश्व समुदायको चिन्ता बढाएको छ।" "यस घटनाक्रमले अमेरिकी काङ्ग्रेस (संसद्)ले युक्रेनका लागि महत्त्वपूर्ण सैन्य सहायताको प्याकेज पारित गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ। अमेरिकी समर्थनविना युद्धमा युक्रेनीको आशा चाँडै उजाड हुनेछ"–कर्बीले भने। हालैका दिनमा रूसले हवाई आक्रमण गरेको युक्रेनका लागि हवाई प्रतिरक्षा 'पूर्णतया' अमेरिकी प्राथमिकतामा रहेको उनले बताए।

कर्बीले भने–"काङ्ग्रेसले यो अवस्था बुझ्नु र युक्रेनीहरूलाई उनीहरूको रक्षाको लागि आवश्यक चीजहरू प्रदान गरेर प्रतिक्रिया दिनु महत्त्वपूर्ण छ।"

रूसी सेनाले डिसेम्बर ३० मा उत्तर कोरियाले आपूर्ति गरेको क्षेप्यास्त्रमध्ये कम्तीमा एउटा क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो, जुन जापोरिजिया क्षेत्रको खुला मैदानमा खसेको थियो।

त्यसपछि मस्कोको सेनाले जनवरी २ मा युक्रेनमा 'दर्जनौं' ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो।

साङजी विश्वविद्यालयका सैन्य अध्ययनका प्राध्यापक चोइ गि इलले एएफपीसँग कुरा गर्दै मस्को–प्योङयाङ हतियार स्थानान्तरण रूसले युद्धमा सियोलको आफ्नै भूमिकाप्रति 'आक्रोश व्यक्त गर्ने' तरीका हुन सक्ने बताए।

उनले भने–"दक्षिण कोरिया युक्रेनको लागि प्रमुख हतियार निर्यातकर्ता हो। दक्षिण कोरियाले नेटो राष्ट्रहरूसँग हतियार सम्झौतामार्फत अप्रत्यक्षरूपमा युक्रेनलाई सहयोग गरिरहेको छ जसले किभलाई उनीहरूको हतियार आपूर्तिको लागि सहयोग पुग्न सकोस्।"

सोलले युक्रेनको प्रमुख सहयोगी पोल्यान्डमा ट्याङ्क र होबित्जर पठाउन अर्बौं डलरको सम्झौतामा हस्ताक्षर गरेको छ। "रूसले युक्रेनमाथि गरेको आक्रमणका कारण दुई कोरियाबीच हतियारको होडबाजी शुरू भएको हो"–चोइले भने।

"संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धहरूको उल्लङ्घनको कुरालाई युद्धमा उत्तर कोरियाली हतियार प्रयोगसम्बन्धी नयाँ हतियार स्थानान्तरणको मुद्दा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा उठाइने छ"–कर्बीले भने।

रूसले उत्तर कोरियाली क्षेप्यास्त्र प्रयोग गरेकोमा बेलायतले कडा शब्दमा निन्दा गरेको छ। रासस

## भारतीय विदेशमन्त्रीको नेपाल भ्रमण : द्विपक्षीय हितमा केन्द्रित

काठमाडौं, २० पुस/रासस

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको निमन्त्रणमा दुई दिने नेपालको औपचारिक भ्रमणमा आएका भारतीय विदेशमन्त्री डा एस जयशङ्कर भ्रमण सम्पन्न गरी शुक्रवार स्वदेश फर्किएका छन्। भ्रमणका क्रममा महत्त्वपूर्ण विभिन्न द्विपक्षीय सहमतिपत्र र समझदारीपत्र आदानप्रदान भएका छन्।

नेपाल–भारत संयुक्त आयोगको सातौं बैठकमा भाग लिन उनी बिहीवार नेपाल आएका हुन्। बैठकमा विकास साझेदारीसहित द्विपक्षीय सहकार्यका सबै पक्षमाथि समीक्षा भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। संयुक्त आयोगको बैठकपश्चात् भारतीय विदेशमन्त्री र नेपालका परराष्ट्रमन्त्रीको उपस्थितिमा दुई पक्षबीच विभिन्न सहमतिपत्र र समझदारीपत्र आदानप्रदान भएका थिए।

बैठकमा सन् २०२१ को जनवरीमा सम्पन्न भारत–नेपाल संयुक्त आयोगको छैटौं बैठकपछि द्विपक्षीय सहकार्यका सबै क्षेत्रमा हासिल उपलब्धिहरूको प्रशंसा गरिएको थियो।

बैठकमा नेपालमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनका लागि भारत र नेपालबीच नयाँ सहमति कायम भएको छ। नयाँ सम्झौतामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनका लागि बजेटको सीमा रु पाँच करोडबाट बढाएर रु २० करोड पुऱ्याइएको छ।

त्यस्तै, दीर्घकालीन ऊर्जा व्यापारका लागि भारत र नेपाल सरकारबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। यस सम्झौता अन्तर्गत आगामी १० वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत् निर्यातको परिमाण १० हजार मेगावाटसम्म पुऱ्याइनेछ। यसका लागि नेपालको जलविद्युत् उत्पादन क्षेत्र र प्रसारण पूर्वाधारमा पारस्परिक लाभदायी लगानीलाई प्रोत्साहन गर्न सबै उपाय अपनाउनेमा दुवै पक्ष सहमत भएका छन्।

यसैगरी, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा निर्मित मुनाल सेटेलाइटका लागि न्यूस्पेस इन्डिया लिमिटेड र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबीच प्रक्षेपण सेवा सम्झौता भएको छ। नेपाली विद्यार्थीले बनाएको यो सेटेलाइट विनाशुल्क भारतीय प्रक्षेपण रकेटबाट प्रक्षेपण गरिनेछ।

भारतको एनटिपिसी लिमिटेड र नेपाल विद्युत् प्राधिकरणबीच नवीकरणीय ऊर्जा विकासमा सहकार्यका लागि एक समझदारीपत्रमा समेत हस्ताक्षर भएको छ। यस समझदारीपत्रले एनटिपिसी लिमिटेड र नेपाल विद्युत् प्राधिकरणबीच नवीकरणीय ऊर्जामा सहकार्यका लागि खाका तयार पार्नेछ।



भारतीय विदेशमन्त्री डा एस जयशङ्कर स्वदेश फर्कंदै। तस्वीरः रासस

सोही अवसरमा दुवै विदेशमन्त्रीले रक्सौल–परवानीपुर प्रसारण लाइनको दोस्रो सर्किट, कटैया–कुशाहा लाइनको दोस्रो सर्किट र नयाँ नौतनवा–मैनहिया लाइन गरी भारत र नेपालबीच रहेका तीनवटा १३२ केभी अन्तरदेशीय प्रसारण लाइनको संयुक्तरूपमा उद्घाटन गरेका थिए।

त्यस्तै, दुवै मन्त्रीको उपस्थितिमा जाजरकोटका भूकम्पपीडितका लागि भारत सरकारले उपलब्ध गराएको पाँचौं चरणको राहत सामग्री नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो। उक्त राहत सामग्रीमा भूकम्पबाट प्रभावित मानिसका लागि दुई सयवटा प्रिफ्याब घर, एक हजार दुई सयवटा ब्ल्याङ्केट, १५० वटा त्रिपाल र दुई हजारवटा स्लिपिङ ब्याग छन्। दुई सयवटा प्रिफ्याब घरमध्ये २० वटा घर कार्यक्रममा हस्तान्तरण गरिएको थियो भने बाँकी घर आउँदो केही साताभित्र विभिन्न चरणमा हस्तान्तरण गरिनेछन्।

साथै जाजरकोटमा हालै गएको भूकम्पपछिको पुनर्निर्माणमा सहयोग गर्न भारत सरकारले करीब रु १० अर्ब आर्थिक सहयोग उपलब्ध गराउने भारतीय विदेशमन्त्रीले घोषणा गरेका थिए। त्यसमध्ये ठूलो हिस्सा अनुदान सहायता अन्तर्गत रहनेछ।

भ्रमणका क्रममा भारतीय विदेशमन्त्री डा जयशङ्करले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरेका थिए। साथै उनले नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसँग पनि छुट्टाछुट्टै भेटवार्ता गरेका थिए। विदेशमन्त्री डा जयशङ्कर र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्त ठाकुर, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त राउतबीच पनि भेटवार्ता भएको थियो।

सबै भेटघाटमा पारस्परिक हितका द्विपक्षीय विषयमा कुराकानी भएको नेपालस्थित भारतीय दूतावासले जनाएको छ।

भ्रमणको दोस्रो दिन दुवै विदेशमन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको नयाँ भवनसहित शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रमा भूकम्पपछिका ५९ वटा पुनर्निर्माण परियोजनाको संयुक्तरूपमा उद्घाटन गरेका थिए।

भ्रमणका क्रममा विदेशमन्त्री डा जयशङ्करले पशुपतिनाथ मन्दिरमा पूजा गर्नुका साथै पशुपतिनाथ मन्दिर परिसरमा रुद्राक्षको बिरुवा रोपेका थिए। 'छिमेकी पहिलो' नीति अन्तर्गत नेपाल भारतको प्राथमिकतामा पर्ने साझेदार हो। दुई घनिष्ठ र मित्रवत् छिमेकीबीच उच्चस्तरीय आदानप्रदानको परम्परालाई ध्यानमा राख्दै यो भ्रमण भएको भारतीय पक्षले जनाएको छ।

### रूपियाँको ...

सटही काउन्टरहरू समेतले राष्ट्र बैंकको निर्देशनविपरीत बढी शुल्क लिने गरेको गुनासो सुनिन्छ। नेपालमा अहिले च्याउसरी बैंक, वित्तीय संस्था खुलेका छन् र तिनीहरूलाई नै सटही इजाजत दिएमा निजीहरू (प्राइभेट सटही काउन्टरहरू) निरुत्साहित हुने र जनहित हुने स्पष्ट छ। यहाँ पनि भारुको अकाल परेको बेला निजी सटहीवालाहरूले सयकडा रु ५ सम्म असुल्थे।

विगतमा यही वीरगंजमा नेपाल बैंकको सटही काउन्टर बिर्तामा, भन्सार परिसरमा थियो, अहिले नदारद छ। यसबारे नेपाल राष्ट्र बैंकलाई घचघच्याउन सकिंदैन र ? नेपालको दूरदराज कुनाबाट भारत जान रक्सौल छिरेका एक नेपाली सबै दुःख बिर्सेर एक टकले नयाँ नोटले सजिएको पसल छक्क परेर हेर्दै गरेको दृश्य मलाई रोचक–घोचक लागेको धेरै दिन भएको छैन। स्मरणीय छ, सबैले देख्नेगरी पशुपति आदर्शनगर वीरगंजमा नेपाल राष्ट्र बैंकको एउटा सटही काउन्टर सञ्चालनमा छ जसले सीमित भारु मात्र सटही गर्छ। बैंकहरूको माउ भनिने राष्ट्र बैंक आफैंले सटही काउन्टर सञ्चालन गर्न सक्छ भने उसका मातहतका वाणिज्य बैंकहरूलाई किन सटही काउन्टर सञ्चालन गर्न निर्देशन दिंदैन ? नेपालका वाणिज्य बैंकहरू सेवामूलकभन्दा नाफामूलक भएकाले होला यिनको गिद्धेनजर त कर्जा, ऋण र ब्याजमा सीमित छ। जय भुँडी भनेको यही हो।

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – शत्रुभय |
| मिथुन – चोरभय | कर्कट – भयचिन्ता |
| सिंह – राज्यलाभ | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – आलस्य | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नौ किलोको एउटै काउली

गोरखा, २० पुस/रासस

गोरखा नगरपालिका-७, काँडाघारीस्थित धारापानीका एक किसानले नौ किलोको एउटै काउली फलाएका छन् । स्थानीय एककुमारी बस्नेतको बारीमा फलेको काउलीको थुङ्गा नौ किलोको छ । अहिले बस्नेतले उत्पादन गरेको काउली 'कृषि, पर्यटन तथा व्यापार प्रवर्द्धन मेला-२०८०' को प्रदर्शनीमा राखिएको छ ।

"काउली जोख्दा पूरै ११ किलोको थियो," कृषि ज्ञान केन्द्र, गोरखाका प्रमुख नीलकण्ठ पोखरेलले भने, "डाँठ र पात गरी दुई किलो घटाउँदा थुङ्गा मात्र नौ किलोभन्दा बढीको रहेको छ ।" नेपालमा अहिलेसम्मकै सबैभन्दा ठूलो काउली भएको प्रमुख पोखरेलको दाबी छ । यसअघि बागलुङ नगरपालिका-९ तित्याङ थापाथरका पदम खत्रीको खत्री एग्रो फार्ममा आठ किलो ८८० ग्रामको काउली उत्पादन भएको पाइएको थियो ।

करीब एक रोपनी क्षेत्रफलमा काउलीको व्यावसायिक खेती गर्दै आएका किसान बस्नेतको बारीमा अनुमानित आठ किलोग्रामभन्दा बढीका काउली फलेका छन् । बारीमा उत्पादित काउली ठूलो भएकाले बजारमा बिक्री गर्न कठिनाइ हुने गरेको उनको भनाइ छ ।

"बारीमा आठ किलोभन्दा ठूलो काउली धेरै नै फलेका छन् । बारीको सबैभन्दा ठूलो काउली टिपेर जोख्ने क्रममा ११ किलोको भएको पाइयो," बस्नेतले भनिन्, "लामो समयको मेहनत र परिश्रमका कारण राम्रो उत्पादन भएकामा खुशी लागेको छ ।" काउलीको डाँठ र पात कटाएर नौ किलो भनिएको भएपनि अझै बढी तौल रहेको उनको भनाइ छ ।


तस्वीर: रासस

कृषि क्षेत्रमा निरन्तर मेहनत गर्दै आएकी किसान बस्नेतले मौसमी तथा बेमौसमी तरकारीखेती गर्ने क्रममा यसपटक एउटै काउली नौ किलोभन्दा बढीको उत्पादन भएको जानकारी दिइन् ।

# खेलकूदको संसार

## खेलाडीको बिदाइ

काठमाडौं, २० पुस/रासस

दक्षिण अफ्रिकामा आयोजना हुने आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुन जाने नेपाली टोलीलाई बिदाइ गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा शुक्रवार आयोजित कार्यक्रममा राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङ, क्यानका अध्यक्ष चतुरबहादुर चन्दलगायतले टोलीलाई सफलताको शुभकामना दिए । आगामी माघ ५ देखि २८ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा १६ राष्ट्रका खेलाडी सहभागी छन् । सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'डी'मा रहेको छ । नेपाल रहेको समूहमा अफगानिस्तान, पाकिस्तान र न्युजिल्यान्ड छन् ।

त्यस्तै, समूह 'ए'मा भारत, बङ्गलादेश, आयरल्यान्ड र अमेरिका, समूह 'बी'मा इङ्ल्यान्ड, दक्षिण अफ्रिका, वेस्ट इन्डिज र स्कटल्यान्ड तथा समूह 'सी'मा अस्ट्रेलिया, श्रीलङ्का, जिम्बाब्वे र नामिबिया छन् । प्रत्येक समूहका शीर्ष तीन टोली अर्को चरणमा प्रवेश गर्नेछन् ।

नेपालले आइसिसी एशिया छनोटमा संयुक्त अरब इमिरेट्स (युएई)लाई पराजित गर्दै विश्वकपको यात्रा तय गरेको थियो । नेपालले पहिलो खेल आगामी माघ ७ गते न्युजिल्यान्डसँग खेल्नेछ । दोस्रो खेल माघ १० गते पाकिस्तानसँग तथा तेस्रो खेल माघ १३ गते अफगानिस्तानसँग खेल्नेछ । त्यसअघि नेपालले यही पुस २८ गते स्कटल्यान्ड र माघ २ गते वेस्ट इन्डिजसँग अभ्यास खेल खेल्नेछ ।

क्यानले विश्वकपका लागि बिहीवार देव खनालको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको थियो । नेपाली टोलीमा कप्तान खनालसहित गुलसनकुमार झा, दीपकप्रसाद डुम्रे, अर्जुन कुमाल, आकाश त्रिपाठी, दुर्गेश गुप्ता, विशालविक्रम केसी, दीपक बोहरा, सुवास भण्डारी, दीपेशप्रसाद कँडेल, उत्तम थापा मगर, दीपक बोहरा, विपिन रावल, तिलकराज भण्डारी र आकाश चन्द छन् ।

## भेट्रान फूटबल अर्को साता

काठमाडौं, २० पुस/रासस

कुसुन्ती युवा क्लबको आयोजनामा कुसुन्ती मेयर कप भेट्रान फूटबल प्रतियोगिता यही पुस २४ देखि २८ गतेसम्म सञ्चालन हुने भएको छ ।

उक्त प्रतियागितामा ३२ टोली सहभागी हुने शुक्रवार आयोजित पत्रकार सम्मेलनमा आयोजक क्लबका अध्यक्ष नीरज खड्काले जानकारी दिए । ४० वर्षभन्दा बढी उमेरका व्यक्ति प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रतियोगिताको विजेता टोलीले रु एक लाख ५० हजार तथा उपविजेताले रु ७५ हजार पुरस्कार प्राप्त गर्नेछन् ।

# पोखरियामा निश्शुल्क आँखा शिविर सम्पन्न


तस्वीर: सौजन्य



प्रस, वीरगंज, २० पुस/

वीरगंज युवा समाजले पोखरिया नगरपालिका-३ वसन्तपुरमा बिहीवार निश्शुल्क आँखा शिविर सम्पन्न गरेको छ ।

किरण आँखा अस्पताल र पोखरिया-३ वडा कार्यालयको सहयोगमा नेराप्रावि वसन्तपुरको प्राङ्गणमा भएको शिविरमा २१४ जनाको आँखा चेकजाँच गर्दा ७२ जनामा मोतीबिन्दु देखिएको थियो ।

समाजका अध्यक्ष सञ्जीव थापाको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामप्रवेश चौहान, प्रधानाध्यापक हरिनारायण गिरी, किरण आँखा अस्पतालका फिल्ड मैनेजर चन्दन सहनी, वसन्तपुर स्वास्थ्य चौकीका इन्चार्ज अमरेन्द्र साह, कार्यक्रम संयोजक अस्मिता गौतमले मन्तव्य राखेका थिए ।

शिविरमा वीरगंज युवा समाजका सानु राणा, विनोद धिमाल, मणिहर्ष शाक्य, मौसमी सुनुवार, पूर्ण गुरुङ, विक्रान्त खनाल, सुबोध श्रीवास्तव, श्यामकुमार बर्णवाललगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण मार्टिन मोक्तानले गरेका थिए ।


## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं,
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्त्तव्य हो,
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानीनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ,
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानीनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्त्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## फरार चारजना पक्राउ

प्रस, वीरगंज, २० पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले विभिन्न मुद्दामा फरार भएका चारजनालाई बिहीवार पक्राउ गरी बारा जिल्ला अदालतमा दाखिला गराएको छ ।

सिम्रौनगढ नगरपालिका-८ कचोर्वा बस्ने ५० वर्षीय रामाज्ञाप्रसाद यादवलाई बारा जिल्ला अदालतले शरीर बन्धक तथा अपहरण मुद्दामा ६ महिना कैद गरेपछि उनी फरार भएका थिए ।

त्यस्तै जीतपुरसिमरा उप-महानगरपालिका-७ जितपुर बस्ने २७ वर्षीय जितेन्द्र सहनीलाई लागु औषध मुद्दामा बारा जिल्ला अदालतले १ वर्ष कैद र १० हजार जरिवाना गरेपछि उनी पनि फरार भएका थिए ।

कलैया उप-महानगरपालिका-१५ बकुलहर बस्ने अंसारूल हकलाई कुटपिट मुद्दामा बारा जिल्ला अदालतले ६ हजार ५०० सय जरिवाना गरेपछि फरार भएका थिए ।

कलैया उप-महानगरपालिका वडा नं. १५ बकुलहर बस्ने ईजहार मियालाई अदालतले कुटपिट मुद्दामा छ हजार पाँच सय जरिवाना गरेपछि उनी पनि फरार भएका थिए ।

फरार चारैजनालाई बिहीवार पक्राउ गरिएको जिप्रका, बाराका प्रवक्ता तथा सूचना अधिकारी प्रनाउ दधिराम न्यौपानेले बताएका छन् ।

# दुई दिने निश्शुल्क दन्त शिविर सम्पन्न


तस्वीर: सौजन्य

प्रस, वीरगंज, २० पुस/

गुरुनानक सेवा प्रतिष्ठान, शोध केन्द्र नेपालले आयोजना गरेको दुई दिवसीय निश्शुल्क दन्त शिविरमा ८५० विद्यार्थी र शिक्षक लाभान्वित भएका छन् ।

वीरगंज-१४ पिपरास्थित गुरुकुल एकेडेमीमा भएको दन्त शिविरमा बालबालिका एवं शिक्षक, कर्मचारीहरूको निश्शुल्क दन्त परीक्षण गरिएको थियो । शिविरमा शान्ति पोलिक्लिनिकका दन्तरोग विशेषज्ञ डा विकास पटेल, डा प्रकाशकुमार झा, डा सम्झना यादव, डा नेहा बर्णवाल र डा अनु आचार्यले दन्त परीक्षण गरेका थिए ।

केन्द्रका अध्यक्ष जसपाल सिंहको अध्यक्षतामा भएको कार्यक्रममा एकेडेमीका प्रअ तेजेन्द्र कौर, शिक्षक अमरजीत कौर, लालबाबू सिंह, प्रतिष्ठानका उपाध्यक्ष जतिन्दर सिंह, सदस्यहरू हरविन्दर सिंह, अभिनाश झा, रूपनारायण सिंह, प्रमोद बहादुर, भोलालगायतको सहभागिता थियो ।

# विद्यार्थीलाई ट्र्याकसुट वितरण


तस्वीर: प्रतीक

प्रस, जीतपुर, २० पुस/

तराई मोडर्न हेल्थकेयर हस्पिटल प्रालि, सिमराले ४७ जना विद्यार्थीलाई ट्र्याकसुट वितरण गरेको छ ।

अस्पतालका सञ्चालक डा रवीन्द्रकुमार सिंहका परिवारले वीरगंज महानगरपालिका-३२ टेडाका ४७ जना दलित, गरीब, जेहेन्दार विद्यार्थीहरूलाई ट्र्याकसुट वितरण गरेको हो ।

वडाध्यक्ष रियाज हुसेन अन्सारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## ट्रक नियन्त्रण

प्रस, वीरगंज, २० पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले ३८ लाख २७ हजार बराबरको अवैध सामानसहित ट्रक नियन्त्रणमा लिएको छ ।

शुक्रवार बिहान १:४५ बजे प्रहरी चौकी, पथलैयाले जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १ पथलैया चोकमा वीरगंजबाट कास्कीतर्फ जाँदै गरेको ना.३ख ७३२९ नम्बरको ट्रक चेकजाँच गर्दा बिलबीजकभन्दा बढी स्रोत खुलाउन नसकेको ३८ लाख २७ हजार १४ रुपियाँ बराबरका विभिन्न खुद्रा सामानसहित ट्रक नियन्त्रणमा लिई आवश्यक कारबाईको लागि राजस्व कार्यालय, पथलैया पठाएको प्रहरीले जनाएको छ ।

# जनकपुरधाम-अयोध्या भारयात्राको वीरगंजमा स्वागत


तस्वीर: सौजन्य

प्रस, वीरगंज, २० पुस/

भारतको अयोध्यामा नवनिर्मित राममन्दिरको प्राणप्रतिष्ठाको लागि वीरगंजबाट 'जनकपुरधाम-अयोध्या भारयात्रा' भारतको अयोध्याको लागि प्रस्थान गरेको छ । जानकी मन्दिरका महन्त रामरोशन दास नेतृत्वको टोली अयोध्यामा राममन्दिरको प्राणप्रतिष्ठाका लागि भारसहित वीरगंज आएको थियो । यात्रालाई वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, नेपाल प्रहरी र सशस्त्रका प्रहरी नायब महानिरीक्षकद्वय, वीरगंज महानगरका सद्भावनादूत अशोक बैदलगायतले स्वागत गरेका थिए ।

जनकपुरधामस्थित जानकी मन्दिरबाट बिहीवार शुरू गरिएको यात्रा राति अबेर वीरगंज पुगेको थियो । यात्रा रक्सौलको बाटो भएर गोरखपुर हुँदै आज रातिसम्म अयोध्या पुग्नेछ । पाहुरमा विभिन्न प्रकारका कपडा, आभूषण, भाँडाबर्तनका साथै विभिन्न मिठाइ तथा पकवान रहेका छन् । यसका साथै भगवान् रामका लागि चाँदीको धनुष बाण, माता सीताको चरण पादुकालगायतका गरगहनासमेत पाहुरमा राखिएका छन् ।